का.जि.प्र.का.द.नं. १००/०५९/६०

३१ वैशाख २०७९,
शानिबार
14 May 2022,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नै

वर्ष २०, अंक ९८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

●स्थानीय चुनाव २०७९

## छिटपुट घटनाबाहेक
# शान्तिपूर्ण

निर्वाचन आयोगका अनुसार छिटपुट घटनाबाहेक देशभर मतदान शान्तिपूर्ण र उत्साहजनकरुपमा सम्पन्न भएको छ ।




*धनगढीको शारदा माध्यामिक विद्यालयमा रहेको मतदान केन्द्रमा स्थानीय तह निर्वाचनमा मतदान गर्न लामबद्ध सर्वसाधारण । तस्वीर : तिलकराज ओझा/रासस*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३० वैशाख ।

शुक्रबार देशभर स्थानीय तहको चुनाव सम्पन्न भएको छ । निर्वाचन आयोगका अनुसार छिटपुट घटनाबाहेक मतदान शान्तिपूर्ण र उत्साहजनकरूपमा सम्पन्न भएको छ ।

निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया छिटपुट घटनाले केही खल्लो बनाएको बताउँछन् । तथापि, समग्रमा मतदान शान्तिपूर्ण हुनु ठूलो सफलता भएको उनी बताउँछन् । 'छिटपुट घटनाले केही खल्लो बनाए पनि समग्रमा मतदान शान्तिपूर्ण हुनु ठूलो सफलता हो ।'


देशभरका ७५३ पालिकाका २२ हजार बढी मतदान केन्द्रमा शुक्रबार एकसाथ मतदान भएको थियो । आयोगका प्रवक्ता – बाँकी पृष्ठ २ मा



छिटपुट घटनाले केही खल्लो बनाए पनि समग्रमा मतदान शान्तिपूर्ण हुनु ठूलो सफलता हो ।

● **दिनेशकुमार थपलिया**
प्रमुख आयुक्त, निर्वाचन आयोग

**जम्मा मतदाता**
एक करोड ७७ लाख 33 हजार ७२३




## ७७ केन्द्रमा मतदान स्थगित

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० वैशाख ।

राजनीतिक दलका कार्यकर्ताबीच भएको झपडका कारण १६ जिल्ला २८ पालिकाका ४३ मतदानस्थलका ७७ मतदान केन्द्रमा मतदान स्थगित भएको छ । यो शुक्रबार राति १० बजे निर्वाचन आयोग दिएको तथ्यांक हो ।

निर्वाचन आयोग प्रमुख आयुक्त दिनेश थपलियाका अनुसार मतपेटिका फुटाइएको र दिनभर झडपको अवस्था रहेका स्थानमा मतदान स्थगित भएको हो । रौतहटको यमुनामाई गाउँपालिकास्थित चिकना मतदान केन्द्रबाट केही व्यक्तिले मतपेटिका नै खोसेर भागे । त्यसपछि उक्त स्थानमा मतदान रद्द भएको छ ।

स्थगित निर्वाचन आइतबार हुनेछ ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका-२ स्थित जनता मावि हरिराहा मतदानस्थलको स्थगित गरिएको दुई वटा मतदान केन्द्रको – बाँकी पृष्ठ २ मा



तस्बिर : सामाजिक सञ्जाल

रौतहटको यमुनामाई गाउँपालिकास्थित चिकना मतदान केन्द्रबाट केही व्यक्तिहरु मतपेटिका नै खोसेर भाग्दै

## ६ दिनभित्र मतगणना सक्ने लक्ष्य

निर्वाचन आयोगले अबको ६ दिनभित्र मतगणना सक्ने लक्ष्य राखेको छ ।




**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३० वैशाख ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलकाअनुसार सहरी क्षेत्रमा रातिदेखि मतगणना कार्य शुरु भएको छ । देशभरको मतगणना ६ दिनभित्र सम्पन्न गर्ने आयोगको लक्ष्य रहेको छ ।

'छ वटा महानगरपालिका र उपमहानगरपालिकाको गणना हाम्रा लागि चुनौती हो,' आयोगका प्रवक्ता पौडेलले भने, 'अधिकतम जनशक्ति खटाएर भएपनि छिटोभन्दा छिटो मतगणना गर्ने हाम्रो योजना छ ।'

निर्वाचन आयोगले मतगणनाका लागि अधिकतम जनशक्ति खटाउन पनि महानगरपालिकाका मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दिएको छ ।

स्थानीय तह निर्वाचन अनुसार, निर्वाचन भएको ६ दिनपछि पदावधि सुरु भएको मानिने व्यवस्था अनुसार देशभरका स्थानीय तहका जनप्रतिनिधिहरु ६ जेठ २०७४ देखि पदमा बहाल रहेको भनी अवधि गणना गरिन्छ ।

त्यसरी हेर्दा ५ जेठ २०७९ मा उनीहरुको पाँच वर्षे कार्यकाल पूरा हुन्छ । निर्वाचन आयोगले उनीहरुको विदाई हुनुअघि नै नयाँ जनप्रतिनिधि निर्वाचित भएर पदबहालको व्यवस्था मिलाउन खोजेको हो ।

देशभर ६ वटा महानगरपालिका र ११ वटा उपमहानगरपालिका छन् । निर्वाचन आयोगले ६ दिनभित्र ती स्थानीय तहको मतगणना सकाउनुलाई प्रमुख चुनौती मान्दै त्यही अनुसार जनशक्ति व्यवस्थापन गर्न निर्देशन दिइएको छ । छिटो मतगणना गर्न सकेसम्म एकभन्दा बढी स्थानमा गणनाको व्यवस्था मिलाउन समेत आयोगले आग्रह गरेको छ । सबैभन्दा बढी मतदाता रहेको काठमाडौं महानगरपालिकामा ३ लाख मतदाता छन् ।

छ वटा महानगरपालिका र उपमहानगरपालिकाको गणना हाम्रा लागि चुनौती हो । अधिकतम जनशक्ति खटाएर भएपनि छिटोभन्दा छिटो मतगणना गर्ने हाम्रो योजना छ ।

**शालिग्राम शर्मा पौडेल**
प्रवक्ता, निर्वाचन आयोग

## परिवर्तनको लागि मत खसिरहेको बेला निराश हुँदै विदेसिनेको विमानस्थलमा ताँती

**वैदेशिक रोजगार विशेष**

**रमेश लम्साल/रासस**
काठमाडौं, ३० वैशाख

उमेर साढे आठ दशक । शुक्रबार देशभर स्थानीय तह निर्वाचनको मतदान भइरहेका बेला छोराबुहारीलाई बिदाई गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्ष अगाडि टोलाइरहेका थिए,काठमाडौं बनस्थलिका मानसिंह विष्ट । यो उमेरका विष्टलाई बुढेसकालमा छोरालाई विदेश पठाउन फिटक्कै मन छैन तर उनले रोक्न पनि सकेनन् ।

निर्वाचनको दिन निजी तथा सार्वजनिक सवारीसाधन नचलेकाले अनेक प्रयास गरेर विमानस्थलसम्म आइपुगेको बताउने विष्टका आँखा एकाएक रसाए । छोरा किसन र बुहारी कमलालाई विदेश पठाउन आएको उनले बताए । 'विमानस्थल आउने हतारोले निर्वाचनमा भाग लिन पाइएन । आफ्नो प्रतिनिधि चयन गर्ने अवसर गुमाउनु पर्‍यो,' किसनले भने ।

आफ्नो टोलका सबै छिमेकी निर्वाचनमा सक्रिय सहभागी भइरहेको मानसिंहलाई थाहा छ । मत दिने मन त उनलाई पनि छ तर दक्षिण कोरिया उड्ने छोरालाई बिदाई नगरी उनी घरमै बस्न सकेनन् । 'छोरा घर फर्केर आउँदा खुसी हुने मन विदेश उड्न लाग्दा भने साह्रै दुख्दोरहेछ,' मानसिंहले गहभरी आँशु पार्दै भने, 'यो बाध्यतालाई देश बनाउँछु भन्नेहरुले बुझिदिए कत्ति राम्रो हुन्थ्यो होला ।'

स्थानीय निर्वाचनका कारण सवारीसाधन नचलेकाले धेरै टाढा टाढादेखि अनेकन दुःख गरेर विमानस्थल आइपुगेको बताउनेहरु धेरै थिए । तर, अन्य दिन भन्दा विमानस्थलमा शुक्रबार चाप अलिक कम थियो । हरेक दिन सपना बोकेर उड्नेहरु कोही सकुसल फर्किएका छन् भने कोही बाकसमा बन्द भएर । रोजगारीको खोजीमा भौतारिएकाहरु मलिन मुद्राका साथ प्रस्थान कक्ष अगाडि उभिइरहेको दृश्यले धेरैको मन बिथोलिन्छ ।

औपचारिक तथ्याङ्कका आधारमा हरेक दिनजसो दुई हजार नेपाली रोजगारीको खोजीमा विदेशिरहेका छन् । श्रम र पसिना बिक्री गर्न विदेशिएका नेपालीले नै पठाएका विप्रेषणले मुलुक चलेको छ । विप्रेषण कम हुँदा देशको अर्थतन्त्र धरमराउन लागेको तथ्य पनि हाम्रा सामु छ । तर, देशभित्र महत्वपूर्ण चाड चलिरहेको बेला विदेशिनुपर्ने बाध्यता आफैँमा हृदयविदारक दृश्य भन्दा फरक थिएन । धेरै मानसिंहले बुढेशकालका सहारालाई विदेश पठाएर प्रतिक्षाका दिनहरु भित्तेपात्रोमा गनेर बसेका छन् ।

निर्वाचनमा आफ्नै परिवारको सदस्य उम्मेदवार भए पनि शुक्रबार राति १० बजे कतार उडन लागेका धनुषा मिथिला नगरपालिकाका तेजनारायण यादवको मुहारमा खुसी थिएन । उनका काका नै प्रमुखको उम्मेदवार छन् । 'देशभित्र रोजगारी छैन, खानु पर्यो परिवार पाल्नु पर्यो, निर्वाचन भनेर बस्ने अवस्था पनि रहेन,' यादवले भने । सामान्य झोला भिरेका यादवले थपे, 'म र म जस्ताको दुःख सम्बोधन गर्ने गरी यस पटकको निर्वाचनले नेतृत्व छानिदिए अर्को पटक म पनि विदेश जान्न थिएँ ।'

धनुषादेखि बिरामी बोक्ने एम्बुलेन्समा कोचिएर सङ्घीय राजधानी उत्रि एका यादव रासससँगको कुराकानीकै क्रममा मलिन भए । उनको गला अवरुद्ध भइरहेको थियो । 'परिवार छाडेर विदेश जान त कहाँ मन छ र ? तर बाध्यता छ हजुर, बाध्यता ।' पाँच महिनाको छुट्टी लिएर आएका यादव कतारमा टाइम किपरको काम गर्छन् ।

उनको अपेक्षा छ, विदेश जानुपर्ने बाध्यताको अन्त्य हुने गरी निर्वाचित हुनेले काम गरिदिए आफूलाई असाध्यै खुसी लाग्ने बताए । कतार एयरबेजले यादवलाई राति १० बजे मात्रै बोकेर उड्छ । खाना न पानीका साथ विमानस्थलको प्रस्थान कक्ष अगाडिको घडीमा कहिले आँखा पुग्छ त कहिले आफू जस्तै विदेश जान आएकाको भीडमा । एउटै समूहमा भेटिए, मोरङ उर्लाबारी अशोक राउत, झापा हल्दीबारीका गङ्गा कटुवाल र उदयपुरका नगेन्द्र मगर ।

बिहीबारलाई दुबईको जहाज नआएपछि होटलमा बस्नु परेको यर्थाथ सुनाउँदै राउतले भने 'निर्वाचन भनेर बसेर पनि भएन । यहाँ रोजगारी छैन, कमाई खाने बाटो छैन । यो बाध्यता छ हामीलाई ।' बहराइनमा विगत पाँच वर्षदेखि चालकको रुपमा कार्यरत राउतले भने, ' निर्वाचनले हामी जस्ता परदेशीलाई स्वदेशमा नै बस्ने वातावरण बनाओस् भन्ने अपेक्षा छ ।'

तीनै जनाको 'लगेज' एउटै ट्रलीमा घिसारिरहेका नगेन्द्र मगरलाई राजनीतिक नेतृत्वले देश विकास भन्दा पनि आफ्नो व्यक्तिगत स्वार्थमा लागेको कुरा पटक्कै मन परेको रहेनछ । 'निर्वाचनको दिन विदेश उड्न त मन थिएन नी । तर, राजनीतिक नेतृत्वले कहिल्यै हामीहरु जस्ताको चाहना र आवश्यकताको सम्बोधन गर्न सकेन । देशभित्रै रोजगारी होओस्, घरमै बसेर काम गरी खान पाइयोस् भन्ने मेरो पनि चाहना छ । तर, कहिल्यै त्यो अवसर आएन,' मगरले भने ।

झापा हल्दीबारीका कटुवाललाई झापामा आज भइरहेको निर्वाचनको माहोल झल्झली आँखामा आइरहेको छ । ट्रली धकेल्दै उनले भने ' निर्वाचन भनेर भएन । हाम्रो दुःख बुझिदिने कुनै नेता भएनन् ।' प्रभाव र पहुँच नहुनेले देशभित्र रोजगारीको अवसर पाउन मुस्किल भएको उनको गुनासो छ । सरकारले सबै नेपालीलाई देशभित्रै राख्न सकेको अवस्थामा विकासको शिखरमा पुग्न कुनै आइतबार कुर्नु नपर्ने उहाँको भनाइ छ । व्यवस्था परिवर्तन भयो । नागरिकले सङ्घर्ष गरेर ल्याएको राजनीतिक प्रणालीमा चरित्र भने पुरानै रहेको र नातावाद मौलाएको उनको आपत्ति छ । त्यस्तै, बुटवलका विष्णु पौडेल भने सुन्धाराको एक होटलमा नै राहदानी छाडेर विमानस्थल पुगेका रहेछन् । रासस टोलीलाई विमानस्थलमा देखेपछि उनले तपाईहरु सरकारी कर्मचारी हो भन्ने प्रश्न गरे । हामीले हामी कर्मचारी होइनौं, पत्रकार हौ भनेपछि आफ्नो अवस्था सुनाउन अगाडि सरे ।

आफ्नो झोला खोतल्दै एक अमूक पार्टीको स्टिकर निकाले तर, राजनीतिक नेतृत्वप्रति गुनासो गर्न पनि छाडेनन् । – बाँकी पृष्ठ २ मा

## मतदाता बोकेको जीप दुर्घटना
# १४ को मृत्यु



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० वैशाख ।

स्याङ्जाको वालिङ-१४ अर्खलबासमा मतदाता बोकेको जीप दुर्घटना हुँदा १४ जनाको मृत्यु भएको छ ।

शुक्रबार बिहान ग२च ३०२६ नम्बरको जीप वालिङ- १४ को पञ्चमुल अर्खलबासस्थित भित्री सडकखण्डमा अनियन्त्रित भई सडकबाट खस्दा जीपमा सवारमध्ये १४ जनाको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी प्रवक्ता रवीन्द्र खनालका अनुसार दुर्घटनामा परी ज्यान गुमाउनेमा वालिङ-१४ अर्खलबास बस्ने ६३ वर्षीया माया पुन, सोही ठाउँका नौ वर्षीय प्रवीण कुँवर, ५० वर्षीय कुलदीप कुँवर, ५० वर्षीया डेमकुमारी कुँवर, ८६ वर्षीया हरिकला कुँवर छन् ।

यस्तै, ५० वर्षीया टेककला कुँवर, २५ वर्षीया जमुना कुँवर, ७० वर्षीया भीमकला कुँवर, ७० वर्षीया मुवाकुमारी कुँवर, ४३ वर्षीया पोटकुमारी कुँवर, ४३ वर्षीया जानुका कुँवर, ४२ वर्षीया ज्ञानदली कुँवर, ५० वर्षीया मीना कुँवर र फूलदेवी कुँवर छन् ।

प्रहरी प्रवक्ता खनालका अनुसार वालिङ १४ पञ्चमूल अर्खलबास बस्ने बेलमाया कुँवर, सोही ठाउँका चालक भुलबहादुर कुँवर, गौमती थापा, ज्ञानमाया कुँवर, सरस्वती कुँवर, कविता कुँवर, अनिश कुँवर, कुशल कुँवर, ज्यामकली कुँवर, कौशल कुँवर, सीता कुँवर घाइते छन् ।

मध्यान्ह
www.madhyanhadaily.com
३१ वैशाख २०७९, शनिबार
14 May 2022, Saturday

स्थानीय तह निर्वाचन

# 'ठाउँ–ठाउँमा झडप'



काठमाडौं/मस-निर्वाचन आयोगले स्थानीय तहको चुनावमा अपेक्षाकृत मत नखसेको जनाएको छ । आयोगले ६८ देखि ७२ प्रतिशतसम्म मत खस्ने अपेक्षा गरेको भएपनि करिब ६४ प्रतिशत खसेको आयोगले जनाएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आयोगले अपेक्षा गरेभन्दा कम मत खसे पनि समग्रमा मतदान उत्साहजनक रहेको बताए ।

आयोगले दिएको जानकारी अनुसार २८ वटा स्थानीय तहको ७७ मतदान केन्द्रमा विवाद र झडपका कारण मतदान स्थगित भएको छ । स्थगन भएका स्थानमा नयाँ निर्वाचन मिति चाँडै घोषणा गरिने आयोगले जनाएको छ ।

प्रमुख आयुक्त थपलियाले एकै चरणमा निर्वाचन गर्नुपरेका कारण सुरक्षा प्रबन्ध पर्याप्त नभएको हो कि भन्ने देखिएको र राजनीतिक दल र उम्मेदवारले सानातिना विषयमा पनि विवाद झिकेर लोकतान्त्रिक उच्च संस्कार प्रदर्शनमा कमजोरी दर्शाएकाले ती स्थानमा स्थगन हुने स्थिति देखिएको उनको भनाइ छ ।

नेपाल प्रहरीका प्रवक्ता विष्णु कुमार केसीका अनुसार सबैभन्दा बढी सुदूरपश्चिमका १० मतदान केन्द्रमा मतदान स्थगित भएको छ । यस्तै प्रदेश १ मा १, मधेस प्रदेशमा ९, बागमती प्रदेशमा ७ स्थानका मतदान केन्द्रमा मतदान स्थगित भएको छ । लुम्बिनी प्रदेशमा भने शुक्रबार तय भएका सबै स्थानमा मतदान कार्य सम्पन्न भएको छ । केसीका अनुसार कर्णालीका ३ मतदान केन्द्रको पनि मतदान स्थगित भएको छ ।

उदयपुरको कटारीस्थित सोरङछबिसे मतदान केन्द्रमा गोली चलेको छ । निर्वाचन सम्पन्न भएपछि जिल्लाको कटारी नगरपालिका-१० स्थित सोरुङछबिसेको कालिका मावि मतदान केन्द्रमा दुई पक्षबीच भएको झडपलाई नियन्त्रण गर्न प्रहरीले हवाई फायर गर्दा एकको घटनास्थलमानै मृत्यु भएको छ भने अर्का एकजना घाइते भएका छन् ।

उदयपुरका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवका अनुसार बेलुकी मतदान सम्पन्न भएपछि कालिका मतदान केन्द्रमा मतपेटिकाहरु राजनीतिक दलहरुको सर्वदलीय बैठक बसेर सिल गरेपछि दोहोरो विवाद भएको थियो । दोहोरो विवादका क्रममा झडप हुँदा प्रहरीले नियन्त्रण गर्न चार राउन्ड हवाई फायर गरेको र सो क्रममा कटारी-१० का स्थानीय १९ वर्षीय नवीन कटुवाललाई गोली लाग्दा कटुवालको घटनास्थलमा नै मृत्यु भएको छ भने अर्का स्थानीय १४ वर्षीय मनकुमार श्रेष्ठ घाइते भएका छन् ।

सर्लाहीको धनकौलमा गोली चलेको छ। सर्लाहीको धनकौल गाउँपालिकास्थित पशुसेवा मतदान केन्द्रमा गोली चलेको हो। मतदानस्थल र प्रतिनिधि छनोटबारे दलहरुबीच विवाद बढेपछि ढुंगामुढा प्रहार हुन थालेपछि प्रहरीले स्थितिलाई नियन्त्रणमा लिन ६ राउण्ड हवाईफायर गरेको हो। फायरपछि मतदान रोकिएको छ। दोलखाको बैतेश्वर गाउँपालिकाको मतदान केन्द्रमा नेपाली कांग्रेसका कार्यकर्ताले केही घण्टा मतदान कार्यक्रम अवरोध गरे। पालिकाको वडा नम्बर १ र २ का मतदान स्थलमा नेपाली कांग्रेसका कार्यकर्ताले रातिदेखि नै अवरोध गरेका हुन्। उनीहरुले बुथ कब्जा गर्न खोजेपछि तनाब उत्पन्न भएको जिल्ला प्रहरी कार्यालय दोलखाका डिएसपी गंगा पौडेलले जानकारी दिए। उनकाअनुसार मतदाता आउने बाटो अवरोध गरेका कांग्रेस कार्यकर्ताले मतदान केन्द्रमासमेत ढुंगामुडा गरेका छन्। उनीहरुले ढुंगामुडा प्रहार गरेर अन्य दलका कार्यकर्तालाई प्रवेश गर्न नै दिएका थिएनन्। वडा नं १ को गैरीमुढीको पुतलीकाठ मतदानस्थल र २ का मतदानस्थलमा पनि उनीहरूले अवरोध गरेका थिए ।

रामेछापको सुनापति र खाँडादेवी गाउँपालिकाको मतदान केन्द्रमा झडप भएको छ । एउटा पक्षले अर्कोपक्षलाई कुटपिट सुरु गरेपछि उक्त दुई मतदान केन्द्रमा झडप भएको हो । झडपलाई नियन्त्रणमा लिन प्रहरीले २ राउन्ड हवाई फायरसमेत गर्नुपरेको छ ।

त्यस्तै, काभ्रेको चौंरीदेउराली गाउँपालिकास्थित एक मतदान केन्द्रमा तनावको स्थिति सिर्जना भएको छ । परिवारभित्रकै एक व्यक्तिको भोट अर्को व्यक्तिले हालेपछि विवाद सुरु भएको थियो ।

सिन्धुपाल्चोकको मेलम्ची-४ मा अशक्त र अपांगता भएका व्यक्तिहरुलाई आफन्तले नभई दलका प्रतिनिधिहरुले मतदान गर्न सघाएपछि तनाव सिर्जना भएको छ ।

यसैगरी पाँचपोखरी थाङपाल-२ को याङ्री मतदान केन्द्रमा एउटा मतपत्रमा निर्वाचन अधिकृतको हस्ताक्षर छुटेको मतपत्र भेटिएपछि पनि भएको थियो । बाजुराको बुढीनन्दा नगरपालिकास्थित मतदान केन्द्रमा तनाव भएपछि हवाई फायर भएको छ ।

दुई पक्षबीच सामान्य विवादमा ढुंगा हानाहान भएपछि स्थितिलाई नियन्त्रणमा लिन हवाई फायर गरिएको थियो ।

दैलेखको ठाँटीकाँध गाउँपालिका-६ को मतदान स्थलमा दुई दलबीच विवाद भएपछि मतदान स्थगित भएको छ । ठाँटीकाँध-६ मालिका माविमा रहेको पाचला मतदान केन्द्र बाहिर एमाले र नेमकिपाका कार्यकताहरूबीच विवाद भएपछि मतदान स्थगित भएको हो ।

कर्णाली प्रदेशका सभामुख राजबहादुर शाहीको वडा समेत रहेको पाचलामा उक्त दलबीच विवाद भएपछि भीडलाई नियन्त्रणमा लिन प्रहरीले हवाई फायर समेत गरेको थियो ।

जिल्ला प्रहरीका कार्यालय दैलेखका अनुसार हाललाई मतदान प्रक्रिया स्थगित गरिएको छ भने थप सुरक्षाका लागि जिल्लाबाट प्रहरी परिचालन गरिएको छ । हाल समस्या समाधान गरेर मतदान शुरु भएको छ ।

ओखलढुंगाको चम्पादेवी गाउँपालिका-९, मिश्र भन्ज्यांङको मतदान केन्द्रमा नेपाली कांग्रेस र नेकपा एमालेका कार्यकर्ताबीच झडप भएको छ ।

झडपका क्रममा स्थितिलाई नियन्त्रणमा लिन ९ राउण्ड हवाई फायर गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

गण्डकी गाउँपालिका-७ घ्याल्चोकको ज्ञानमार्ग मावि मतदान केन्द्रमा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रका कार्यकर्ताबीच झडप भएको छ । हवाई फायर गरेर प्रहरीले स्थिति नियन्त्रणमा लिएपछि बल्ल मतान सुरु भएको छ । बाराको सिम्रौनगढ नगरपालिका-२ बैरिया मतदान केन्द्रमा दुई समूहबीच झडप भएको छ । नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) समर्थकबीच झडप भएको हो ।

## स्थानीय...

एवं सहसचिव शालिग्राम शर्मा पौडेलका अनुसार केही स्थानमा दल र उम्मेदवार हरूका कारण विवाद भई मतदान अवरुद्ध भयो । कतिपय स्थानमा मतपत्र च्यातिएको छ भने कतिपय ठाउँमा मतपेटिका तोडफोड भएको छ । सुरक्षा कमजोरीका कारण राजनीतिक दलका कार्यकर्ता अराजक भएको निर्वाचन आयोगको निष्कर्ष छ ।

राजनीतिक ध्रुवीकरण चर्को भएकाले पनि समस्या भएको आयोगको निष्कर्ष छ। यसले मत नै कम खसेको भन्दै आयोगका अधिकारीहरुले बताएका छन् ।

यद्यपि प्रमुख निर्वाचन आयुक्त थपलियाले आम रुपमा शान्तिपूर्ण वातावरणमा सम्पन्न भएको बताएका छन्। तर कतिपय ठाउँमा उम्मेद्वारहरुको विवाद, सामान्य विषयमा पनि विवाद झाँगिंदै जाँदा मतदान स्थलहरुमा झडप तथा तनाव भएको उनले बताए ।

आयोगका अनुसार जुम्ला, सप्तरी, काभ्रे, रौतहट, रामेछाप, बारा, बाजुरा, पर्वतलगायत जिल्लाका केही मतदानस्थलमा विवाद भएका कारण मतदान कार्य अवरुद्ध भएको थियो ।

आयोगका अनुसार ६५ वटा राजनीतिक दलले चुनावमा भाग लिए। ५५ हजार ६९८ जना महिला र ८९ हजार ३१३ जना पुरुष गरी विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेद्वारसमेत जम्मा एक लाख ४५ हजार ११ जना चुनावी प्रतिस्पर्धामा छन् ।

७५३ स्थानीय तहको बिभिन्न ३५ हजार २२१ पदका लागि आज मतदान भएको हो । जसमध्ये ३५५ जना विभिन्न पदाधिकारीमा निर्विरोध निर्वाचित भैसकेका छन् ।

चुनावमा पाँच दलीय सत्तागठबन्धनले तालमेल गरेका छन् । कतिपय ठाउँमा एक्ला एक्लै पनि चुनावी प्रतिस्पर्धा गरेका छन् भने नेकपा एमालेले पनि साना दलहरुसँग चुनावी तालमेल गरेको छ । पाँच दलीय गठबन्धनले ६ वटा महानगर र ११ वटा उपमहानगर पालिकामा केन्द्रबाट नै तालमेल गरेको छ भने नगरपालिका र स्थानीय तहमा स्थानीय स्तरबाटै तालमेलको प्रयास गरेको छ । तथापि, कांग्रेसले ७५० स्थानीय तहको प्रमुखमा उम्मेद्वारी दिएको छ भने नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले पनि कतिपय ठाउँमा एक्लै चुनावी प्रतिस्पर्धा गरेको छ । कतिपय ठाउँमा नेकपा एमाले र कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रबीच समेत तालमेल भएको छ । एमालेले राप्रपा लगायतका साना दलहरुसँग पनि छुट्टाछुट्टै तालमेल गरेको छ ।

आयोगका प्रवक्ता शर्माका अनुसार मतदान सम्पन्न भएर सुरक्षितरूपमा मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा ढुवानी गरेर सर्वदलीय छलफलपछि सहरी क्षेत्रमा रातिदेखि मतगणना कार्य सुरु भएको छ ।

## केही...

मतदान आइतबार हुने भएको छ । डाक्नेश्वरी नगरपालिकाका निर्वाचन अधिकृत शम्भुनाथ मगरको उपस्थितिमा मतदानस्थलमै आज बसेको बैठकले स्थगित भएको मतदान आइतबार बिहान ७ बजेदेखि गर्ने निर्णय गरेको हो ।

'क' केन्द्रका मतदान अधिकृत विपिन यादवमाथि स्थानीयवासीले कुटपिट गर्नुका साथै मतपेटिका तोडफोड गरेपछि कानून मन्त्रालयका सहसचिव फणिन्द्र गौतम, निर्वाचन अधिकृत मगर, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्ले, सशस्त्र प्रहरी नायब उपरीक्षक श्यामशर्मा पौडेल घटनास्थल पुगेका छन् ।

मतदानस्थलमा उहाँहरुको उपस्थितिमा बसेको सर्वदलीय बैठकले उत्पन्न कुटपिट र तोडफोडपछि स्थगित भएको मतदान कार्य आइतबार गर्ने निर्णय भएको हो ।

अशक्त महिला मतदाताले इच्छाएको जसपाको चुनाव चिह्नमा छाप लगाउनुपर्नेमा मतदान अधिकृत यादवले कांग्रेसको चुनाव चिह्नमा छाप लगाएको भन्दै स्थानीयवासीले यादवलाई कुटपिट गर्नुका साथै मतपेटिका समेत तोडफोड गरेपछि निर्वाचन स्थगित गरिएको थियो ।

मतदान अधिकृतलाई प्रहरीले जोगाउन खोज्दा स्थानीयवासीले मतपेटिका तोडफोड गर्दै मतपत्र च्यातेर छरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक काफ्लेले बताए । घटनाका बेला 'क' केन्द्रमा १३६ मत र 'ख' केन्द्रमा १६० मत खसेको थियो ।

## परिवर्तनको ...

राहदानी नै नभइ विदेश उड्न पाइएला त ? उनको जिज्ञासा थियो । सञ्चारकर्मीले राहदानी नभइ विदेश उड्न नपाइने जानकारी दिएर होटलको नम्बर पत्ता लगाइदिनु पर्यो । होटल सञ्चालकले राहदानी ल्याइदिने बताएपछि ढुक्क देखिएका पौडेल पनि निर्वाचनको दिन विदेश जानु बाध्यता भएको बताए । 'खाडी जान्छु भन्दा पनि वातावरण भएन,' उनले भने । गाँउको विकास निर्माणको काममा राजनीतिक नेतृत्वले गरेको बदमासी आँखा चिम्लेर बस्ने कार्यकर्ताप्रति समेत उनले गुनासो गरे । विमानस्थलमा कोही आफ्ना छोरा बिदाई गर्न आएका आमाहरु भेटिए । कोही श्रीमान् बिदाई गर्न लालाबाला बोकर आएकाहरु पनि भेटिए। देशमा लोकतन्त्रको अभ्यास भइरहेको बेला विमानस्थलमा भेटिएका कोही कसैको मनमा पनि खुसी देखिँदैनथ्यो । निराश, हतास अनि मलिन अनुहारमा भेटिएका अधिकांशले देश बनोस्, देशभित्रै रोजगारी पाइयोस् भन्ने अपेक्षा भने गरेका थिए। दुखित मन लिएर उड्नेहरु कति खुसी भएर फर्केलान् कति अझै दुःख भोगेर फर्केलान् त्यो भने अहिल्यै भन्न सकिने अवस्था छैन । तर, यसरी देशमा चुनाव भइरहेकै बेला विदेशीने रहर भने कसलाई पो होला र ?

# १८ सञ्चार माध्यमलाई कारबाही




काठमाडौं/मस- प्रेस काउन्सिल नेपालले मतदानको दिन निर्वाचन आचारसंहिता विपरीतका सामग्री सम्प्रेषण गर्ने १८ सञ्चारमाध्यमलाई कारबाही गरेको छ । शुक्रबार निर्वाचन आचारसंहिता विपरीत सामग्री सम्प्रेषण गर्ने १७ अनलाइन र एउटा टेलिभिजनलाई ती सामग्री तत्काल हटाई क्षमाचायना गर्न निर्देशन दिएको थियो । तीमध्ये आठवटा सञ्चारमाध्यमले तत्काल सामग्री हटाएको प्रेस काउन्सिल नेपालका उपप्रशासकीय अधिकृत एवं सूचना अधिकारी रामशरण बोहराले जानकारी दिए । सञ्चारमाध्यमले भूलसुधार गरी क्षमायाचनासहित सम्प्रेषित सामग्री हटाउनु र गल्ती स्वीकार्ने तत्परता देखाउनु सकारात्मक भएको बोहराले बताउनुभयो। ती सञ्चारमाध्यमले पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिता पालनामा सजग रहने प्रतिबद्धतासमेत जनाएका छन्। तर केही सञ्चारमाध्यमले मौखिकरूपमा भूलसुधारको प्रतिबद्धता जनाए पनि भूलसुधार गरेको भने पाइएन । त्यस्ता सञ्चारमाध्यमबाट सम्प्रेषित सामग्रीमा काउन्सिलले विशेष अनुगमन जारी राखेको छ ।

काउन्सिलले अनुगमन गरेका विभिन्न सञ्चारमाध्यममध्ये आचारसंहिता विपरीतका सामग्री सम्प्रेषित गरेका सञ्चारमाध्यमलाई तत्काल हटाउन पत्र र फोनमार्फत निर्देशन दिएको थियो। काउन्सिलले निर्वाचनको मौन अवधिभर ६५ सञ्चारमाध्यमलाई कारबाही गरेको छ । यस्तै यो अवधिमा दर्ता/सूचीकरण नभएका १८ वेब पोर्टललाई नेपालभित्र सम्प्रेषण हुन नसक्ने गरी कारबाही भएको छ ।

अनुगमनका क्रममा सञ्चारमाध्यमसँग आबद्धता रहेको नदेखिएका चारवटा युट्युब च्यानललाई निर्वाचन आचारसंहिता विपरीतका सामग्री सम्प्रेषण गरेका कारण अनुसन्धान गरी कारबाही गर्न नेपाल प्रहरी साइबर ब्यूरोमा पत्राचार गरिएको सूचना अधिकारी बोहराले जानकारी दिए ।

# नेपालकै पहिलो लक्ष्मी ह्यग्रीव मन्दिरको प्राण–प्रतिष्ठा



काठमाडौं/मस- काठमाडौंको उत्तरपूर्वी भेगस्थित कागेश्वरी मनोहरा नगरपालिका-४ कोलमतेश्वर क्षेत्रमा भगवान् विष्णुका २४ अवतारमध्येको एक लक्ष्मी ह्यग्रीवको नेपालमै पहिलो मन्दिरको प्राण प्रतिष्ठा सम्पन्न भएको छ ।

स्थानीय तह निर्वाचनका बाबजुद पाँच दिने प्राण प्रतिष्ठा समारोहमा हजारौं भक्तजनको भीड लागेको थियो । हालै निर्माण सम्पन्न भएको मन्दिर वैशाख २६ गतेदेखि पाँच दिने प्राण प्रतिष्ठा अनुष्ठान सुरु गरिएकामा शुक्रबार सम्पन्न भएको हो । स्थानीय तह निर्वाचनको सरगर्मीका बीच भक्तजन मन्दिर क्षेत्रको कार्यक्रममा उपस्थित भए ।

अनुष्ठानका पाँच दिन विभिन्न अनुष्ठान आयोजना गरी भक्तजनका लागि शुक्रबारदेखि मन्दिर खुला गरिएको छ । अनुष्ठानमा विभिन्न धार्मिक सन्त, महन्तले प्रवचनसमेत गरेका थिए ।

समारोहमा प्राडा ऋषिराम पोखरेल, सहप्राध्यापक श्रीराम सापकोटा, वेणुगोपाल मन्दिर मैतीदेवीका मठाधीश यतीन्द्राचार्य, धापासीबाट नारायण आचार्य, काभ्रेपलाञ्चोक जिल्लाको खोपासीस्थित गोदा रङ्गनाथ मन्दिरका मठाधीश स्वामी कमलनयनाचार्य र वेङ्कटेश मन्दिर बत्तीसपुतलीका मठाधीश पद्मधराचार्यले प्रवचन गरेका थिए ।

प्रवचनका क्रममा उनीहरुले नेपालको अन्य स्थानमा नबनेको लक्ष्मी ह्यग्रीवको ऐतिहासिक मन्दिर निर्माण हुनु महत्वको विषय भएको बताए । सबैको अन्तिम आश्रय भगवान् नै भएकाले मन्दिर क्षेत्रमा आन्तरिक एवं बाह्य पर्यटकको भीड बढ्ने उनीहरुको भनाइ थियो। यस्ता धार्मिकस्थलले संस्कार र संस्कृतिका कुरा जगेर्ना गर्नेमा पनि प्रवचनकर्ताले जोड दिएका थिए ।

प्राण प्रतिष्ठा अनुष्ठान शुभारम्भका दिन वैशाख २६ गते पूर्वाङ्गसहित मृदाहरण र ध्वजारोहण गरी सुरु भएको कार्यक्रममा दोस्रो दिन वैशाख २७ गते अग्निस्थापना विधिसहित मूर्तिलाई जलाधिवास गराइएको थियो। तेस्रो दिन बुधबार यज्ञसहित धान्याधिवास गराइएको रुरुक्षेत्र पीठाधीश स्वामी श्रीजगदीश प्रपन्नाचार्यलेबताए ।

चौथो दिन बिहीबार यज्ञसहित शथ्याधिवास गराइएको छ । अनुष्ठानको पाँचौं एवं अन्तिम दिन शुक्रबार नेत्रोन्मिलनको कार्यक्रम सम्पन्न गरिएको छ । कुम्भ आरतीको कार्यक्रम भने बेलुकी गरिने उनले बताए । यस दिन मन्दिरमा दर्शन गर्दा विशेष फल प्राप्त हुने धार्मिक विश्वास छ ।

लक्ष्मी ह्यग्रीवको नेत्रोन्मीलनका क्रममा बाच्छासहितको गाई अघि राखिएको थियो । गाईको साथमा ब्राह्मण कन्या, ऐना, दुबो, पूर्ण कलश, यथाशक्ति मणिमाणिक्यलगायत धेरै चिजबीज राखिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ध्रुवप्रसाद सिम्खडाले जानकारी दिए । हवन, पूर्णाहुति, अभिषेक, फूलप्रसाद ग्रहण कार्यक्रमपछि उपस्थित सबै भक्तजनलाई प्रसादका रूपमा भोजन गराइएको थियो ।

सो अवसरमा उपस्थित भक्तजनले मन्दिर सञ्चालनका लागि अक्षयकोष स्थापना गर्न चन्दादान गरेका थिए । समारोहमा भक्तजन उत्साहका साथ सहभागी भएका थिए । मन्दिरमा वैदिक पद्धतिको पाञ्चार आगम विधिअनुसार पूजा आराधना र आरती गरिन्छ । यो विधि भगवान् नारायणले नारदलाई सुनाएका थिए ।

# वाईसीएलका इन्चार्जमाथि खुकुरी प्रहार

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, ३० वैशाख

बाँकेको कोहलपुर नगरपालिकाको कौशिल्यानगरमा नेकपा माओवादी केन्द्र निकट योङ कम्युनिष्ट लिग (वाईसीएल) का एक नेतामाथि खुकुरी प्रहार भएको छ । कोहलपुर नगरपालिका-१ कौशिल्यानगरमा बिहाबार राति धारिलो हतियार खुकुरी प्रहार हुँदा वाईसीएल ईन्चाज नेता राजु शाही घाइते भएका हुन् । घाइते शाहीको नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ । घटनामा संलग्न केही व्यक्तलाई इलाका प्रहरी कार्यालय कोहलपुरले नियन्त्रणमा लिएको कोहलपुरका प्रहरी नायब उपरीक्षक ऐनबहादुर मल्लले जानकारी दिए । घटनामा संलग्न अन्यको पनि खोजी भइरहेको र घटनाबारे थप अनुसन्धान भइरहेको उनले बताएका छन् ।



## मतदानमा उत्साह

# कोही काखे नानी च्यापेर, कोही लौरो टेकेर बुथमा



काखे नानी बोकेर मतदानमा उपस्थित हुँदै महिला । तस्बिरः बिजमाण्डू



पाल्पा रामपुरको दरैठाँटी मावि मतदान केन्द्रमा ज्येष्ठ नागरिकलाई बोकेर लैजाँदै । तस्वीर : रासस



स्थानीय तहको निर्वाचन मतदान गरी ह्वीलचियरमा घर फर्किंदै महिला । तस्वीर : रासस



६ दिनको क्रियापुत्री भवानीप्रसाद धमला पूर्वाञ्चल विश्वविद्यालय इन्जिनियरिङ कलेज विराटनगर-३ स्थित मतदान केन्द्रमा मतदान गर्दै । तस्वीरः रासस

**काठमाडौं/मस–** स्थानीय तहको निर्वाचन शुक्रबार सम्पन्न भएको छ । निर्वाचन आयोगले शुक्रबार भएको स्थानीय तह सदस्य निर्वाचन, २०७९ निर्वाचन छिटपुट घटनाबाहेक शान्तिपूर्ण र उत्साहजनक रूपमा सम्पन्न भएको जनाएको छ ।

आयोगका प्रवक्ता एवं सहसचिव शालिग्राम शर्मा पौडेलले वर्षाका कारण मतदानमा कुनै गम्भीर असर नपरेको र खटिएका सुरक्षाकर्मी र कर्मचारीबाट आयोगलाई यथेष्ट सहयोग मिलेको बताए ।

आयोगका अनुसार जुम्ला, सप्तरी, काभ्रे, रौतहट, रामेछाप, बारा, बाजुरा, पर्वतलगायत जिल्लाका केही मतदानस्थलमा विवाद भएका कारण मतदान कार्य अवरुद्ध भएको थियो । अवरुद्ध भएका स्थानमा निर्वाचन अधिकृतको प्रतिवेदनका आधारमा आयोगलाई जानकारी दिएर पुनः मतदान गराउने निर्णय मुख्य निर्वाचन अधिकृतले गर्न सक्नेछन् ।

### मतदानमा उत्साह

स्थानीय तहको निर्वाचनका कारण अघिपछि निकै चहलपहल हुने काठमाडौं यतिबेला सुनसान छ । शुक्रबारदेखि चार दिन सार्वजनिक बिदा परेकाले पनि मानिसलाई फुर्सद भएको छ । यो फुर्सदको अवसर स्थानीय तहको निर्वाचनले जुराइदिएको छ ।

कोही काखे नानी बोकेर मतदानमा उपस्थित भए भने कोही लौरो टेकेर आफ्ना प्रतिनिधि छान्न उपस्थित भएका थिए । कोही ह्वीलचेयरमा पुगेका थिए । देशभर छिटफुट घटनाबाहेक निर्वाचन शान्तिपूर्णरुपमा अगाडि बढिरहेको निर्वाचन आयोगले जनाएको छ ।

आमाको किरिया बसेका तीन दाजुभाइले मुगुको खत्याड-८ का कविराज कार्की दाजुभाइले एक घण्टा उकालो हिँडेर गई मतदान गरेका छन् ।

देशभरका ७५३ स्थानीय तहमा शुक्रबार एकै चरणमा निर्वाचन भएको हो । कूल छ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकाले आगामी पाँच वर्षका लागि नयाँ नेतृत्व पाउँदैछ ।

संविधानको अनुसूचीअनुसार स्थानीय तहका विभिन्न २२ अधिकार छन्। नगर प्रहरी, सहकारी संस्था, एफएम सञ्चालन, स्थानीय कर उठाउने अधिकार स्थानीय तहलाई नै दिइएको छ ।

इलाममा किरियापुत्री दाजुभाइद्वारा मतदान

इलाममा निर्वाचनको उत्साह मतदातामा उच्च रहेको पाइएको छ । बिरामी, अशक्त र वृद्धवृद्धा र कोरामा बसेका किरियापुत्रीसमेत मतदानमा सहभागी भएका छन् । माईजोगमाई गाउँपालिका-१ मा बुबाको काजक्रियामा बस्नुभएका किरियापुत्री दाजुभाइ तोयानाथ दाहाल र प्रेम दाहालसमेत मतदान प्रक्रियामा भाग लिन मतदानस्थलमा पुगेका थिए ।

छ दिनअघि बुबाको मृत्यु भएपछि हिन्दू संस्कारअनुसार काजक्रियामा बसेका दाहाल दाजुभाइले घरबाट २० मिनेटको दूरीमा रहेको शिवमाई माविमा रहेको मतदान केन्द्रमा गएर मतदान गरेका थिए । मतदान गरिसकेपछि दाहाल दाजुभाइले आफ्नो अधिकार सुनिश्चित गर्नका लागि काजक्रियामै रहे पनि मतदानमा सहभागी भएको जनाए ।

उनीहरु मतदान केन्द्रसम्म हिँडेर मतदान गर्न गएका गिए । उक्त केन्द्रमा उनीहरुलाई मतदान गर्नका लागि सहज वातावरण निर्माण गरेर सहयोग गरिएको मतदान अधिकृत गोकुल सञ्जेलले जानकारी दिए ।

यसैबीच इलाम जिल्लाको सूर्योदय नगरपालिका-१४ बतासेस्थित सरस्वती माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रमा १११ वर्षीया जेष्ठ नागरिक विष्णुमाया अधिकारीले मतदान गरेकी छन् ।

उत्तिकै उत्साहका साथ यस पटक उनले आठौं पटक मतदान गर्न पाउँदा स्थानीय तहको भविष्य कोर्ने भएकाले आफूले चाहेको उम्मेदवारलाई मतदान गरेको बताइन् ।

स्थानीय तह निर्वाचनअन्तर्गत दाङको राप्ती गाउँपालिका-३ मा १०४ वर्षीया ज्येष्ठ नागरिक कमला शर्माले मतदान गरेकी छन् ।

शर्माले राप्ती-३ मसुरियाको नवज्योती आधारभूत विद्यालय श्रीचौर मतदान केन्द्रबाट मतदान गरेकी हुन् ।

उनले ७० वर्षका छोरा गोविन्द शर्माको सहयोगमा मतदान गरेकी हुन् ।

मोरङको सुन्दरहरैंचा नगरपालिका-७ को ११३ वर्षीया ज्येष्ठ नागरिक महेश्वरा अधिकारीले शुक्रबार मतदान गरेकी छन् ।

अधिकारीले पञ्चायत माविमा रहेको मतदानमा मतदान गरेका निर्वाचन अधिकृत माधव भण्डारीले जानकारी दिए । अधिकारीले परिवारका सदस्यको सहयोगमा मतदानस्थल पुगी मतदान गरेकी छन् ।

तनहुँको भानु नगरपालिका-५ बरभञ्ज्याङ निवासी ११३ वर्षीया गोपीमाया पोखेलले स्थानीय तह निर्वाचनका लागि शुक्रबार मतदान गरेकी छन् ।

पोखेलले सोही वडाको शेपाबगैँचास्थित महादेवता प्राथमिक विद्यालय मतदान केन्द्रमा पुगेर मतदान गरेकी छन् । विसं १९६६ भदौ ६ गते जन्मिएकी पोखेलले आफन्तको सहयोगमा मतदान गरेकी हुन् ।

मतदान गरेर फर्किएका वृद्धको मृत्यु

बैतडीमा मतदान गर्न गएका एक वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा दोगडाकेदार गाउँपालिका-३ कफल्डाका ८४ वर्षीय हरिसिंह भाट रहेका प्रहरी निरीक्षक दीपक विष्टले जानकारी दिए ।

भाटको शुक्रबार बिहान सनातन धर्म मावि खोचलेकमा मतदान गरेपछि फर्कने क्रममा मतदानस्थल बाहिर पुग्ने बेला मुर्छा परेका र बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

# निर्वाचन शान्तिपूर्ण हुन सकेनः आयोग




**काठमाडौं/मस–**स्थानीय तहको निर्वाचन शुक्रबार सम्पन्न भएको छ । निर्वाचन आयोगले स्थानीय तह सदस्य निर्वाचन, २०७९ निर्वाचन छिटपुट घटनाबाहेक शान्तिपूर्ण र उत्साहजनकरूपमा सम्पन्न भएको जनाएको छ ।

आयोगका प्रवक्ता एवं सहसचिव शालिग्राम शर्मा पौडेलले सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै केही स्थानमा दल र उम्मेदवारहरूका कारण विवाद भई मतदान अवरुद्ध भएको र स्थगनको विस्तृत विवरण आउन बाँकी रहेको बताएका छन् ।

यता राष्ट्रिय मानव अधिकार आयोगले शुक्रबारको निर्वाचन शान्तिपूर्ण हुन नसकेको निष्कर्ष निकालेको छ। चुनावको अनुगमनपछि आयोजित पत्रकार सम्मेलनमा आयोगका अध्यक्ष तपबहादुर मगरले अनुगमनले अपेक्षाकृत रुपमा शान्तिपूर्ण हुन नसकेको बताए। पत्रकार सम्मेलनमा उनले अनुमगन र प्राप्त सूचनाको आधारमा मतदान कार्य अपेक्षाकृत गरे जस्तो शान्तिपूर्ण हुन नसकेको बताए। मगरले भने, ‘जेष्ठ नागरिक, किरियापुत्री, सुत्केरी, बिरामी, महिला, अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता रहे पनि हुम्ला, गोर्खालगायतका हिमाली तथा उच्च पहाडी क्षेत्रमा मतदानस्थल पर भएकाले अघिल्लो दिन हिँडेरसमेत मतदान गर्न केन्द्रमा पुगेको पाइएको छ ।’

आयोगले अध्यक्षसहितको सात वटा उच्चस्तीय सात वटा टोलीले अनुगमन गरेको थियो । आयोग अध्यक्ष मगरका अनुसार आयोगको ४५ वटा टोलीले मानव अधिकारको अवस्था बारेमा अनुगमन गरेका थियो । ७७ वटै जिल्लामा अनुगमन गरेको छ । आयोगले सप्तरी, काभ्रे, अछाम, कपिलवस्तु, दाङ जिल्लाको विभिन्न मतदान केन्द्रमा मतदान स्थगित गरिएको छ। बाजुरा, बझाङ, हुम्ला, जुम्ला, अछाम, कालिकोट, दोलखा, रामेछाप, काभ्रे, सप्तरी, सर्लाही, रौतहट, धनुषा,महोत्तरीसहितका जिल्लाहरूमा राजनीतिक दलका कार्यकर्ताहरुबीच झडप हुँदा केही व्यक्ति घाइते भएको र केही स्थानमा हवाई फायर हुँदा मतदान प्रभावित जनाएको छ ।

# विगतभन्दा बढी बदर हुनसक्ने प्रबल सम्भावना



**काठमाडौं/मस–** निर्वाचन पर्यवेक्षण गर्दै आएको आम निर्वाचन पर्यवेक्षण समिति (जियोक)ले उम्मेदवार नै नरहेका निर्वाचन चिह्नसमेत समावेश भएको मतपत्र रहेकाले पहिलेभन्दा बदर मतपत्रको प्रतिशत यसपालि धेरै हुनसक्ने सम्भावना रहेको जनाएको छ । जसका कारण उक्त मतपत्रको औचित्य र वैधतामाथि प्रश्नसमेत उपस्थित रहेको पाइएको जियोकले उल्लेख गरेको छ ।

जियोकले शुक्रबार एक विज्ञप्ति जारी गरी भनेको छ, ‘उम्मेदवारभन्दा मतपत्रमा चिह्न बढ्ता हुँदा मतपत्र अनावश्यकरूपमा ठूलो, भ्रामक र जटिल भएको, सबै उम्मेदवारहरुको सम्बन्धमा आधारभूत सूचनामा पहुँच पाउन सकिने अवस्था नभएको, उम्मेदवार, निज सम्बद्ध दल र मतपत्रमा तिनको चिह्नका बारेमा थाहा पाउन सक्ने अवस्थाको अभावले गर्दा मतदाताले सुसूचित र विवेकपूर्ण मत सङ्केत गर्न व्यवधान रहेको पाइयो ।’


उम्मेदवारहरु, ती सम्बद्ध दल र मतपत्रमा उनीहरुले पाएको चिह्नका बारेमा निश्चित ढङ्गले सूचना प्रसार गर्ने प्रक्रिया र संयन्त्रसहितको पहुँचयोग्य व्यवस्थाको अभाव रहेको पृष्ठभूमिमा मतदाता शिक्षा र सूचना सम्प्रेषण पद्धति व्यापक र प्रभावकारी हुनुपर्नेमा त्यसको अभाव अति नै खड्किएको जियोकको निष्कर्ष छ । स्थानीय तहको शुक्रबार भएको निर्वाचन छिट्पुट घटनाबाहेक आमरूपमा शान्तिपूर्ण र सफलतापूर्वक सम्पन्न भएको मतदानमा अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धालगायत सबै वर्ग, समुदाय, लिङ्ग र अवस्थाका मतदाताको उत्साहवर्द्धक सहभागिता देखिएको र विगतको तुलनामा दल, उम्मेदवार र मतदाताको व्यवहार संयमित र शान्त भएको विज्ञप्तिमा जनाइएको छ । जियोकले एकाध ठाउँमा बाहेक मतदान प्रक्रियालाई बिथोल्ने घटना नभएको जनाएको छ ।

‘मतदान केन्द्रमा दलहरुबीच विवाद पनि देखिएन । यसरी निर्वाचन व्यवस्थापन र मतदान प्रक्रियामा सुधार हुँदै जानु लोकतन्त्रका निम्ति शुभ संकेत भएको मान्न सकिन्छ’, जियोकको विज्ञप्तिमा उल्लेख छ । जियोकका अनुसार ३५ जिल्लाको २०० पालिकामा राष्ट्रियस्तरका ४०, जिल्लास्तरका ३० र स्थानीय तहका ३३० सहित पूर्वप्रधान न्यायाधीश, पूर्वप्रमुख निर्वाचन आयुक्त र पूर्वमुख्य सचिवहरुसहितको नौ विशेष पर्यवेक्षक गरी जम्मा ४०९ जनाको टोलीले दिएको प्रारम्भिक प्रतिवेदनअनुसार अधिकांश मतदान केन्द्रहरु बिहान ७ बजे नै सञ्चालनमा आएका थिए भने केहीमा ७:१५ देखि ७:४५ भित्र मतदान सुरु भएको थियो ।

कर्मचारी र राजनीतिक दलका प्रतिनिधिहरु तोकिएको समयमा नपुगेको केही स्थानमा सामान्य विवादसमेत भएको विज्ञप्तिमा जनाइएको छ । केही स्थानमा टाढाबाट आउनुपर्ने अवस्थाका मतदाता सवारी साधनको अनुपलब्धताले गर्दा मतदानबाट वञ्चित भएको, कतिपय मतदान केन्द्र आवतजावत गर्ने बाटो समेतका पूर्वाधार अभाव रहेको, केन्द्रसम्म मतदान गर्न आएकाहरु पनि विविध कारणले गर्दा (जस्तो परिचयपत्र वा अन्य परिचय खुल्ने कागजात नभएको, परिचयपत्र भएको तर अर्को मतदान केन्द्रमा नाम भएको हुँदा हिँडेरै जान सम्भव नभएको, मतदाता परिचयपत्र भएको तर मतदाता नामावलीमा नाम नभएको) मतै नखसाली फर्कनु परेको अवस्था पाइएको विज्ञप्तिमा उल्लेख छ । जियोकले परिचयपत्रसम्बन्धी व्यवस्थालाई व्यवस्थित, त्रुटिरहित, विश्वसनीय र उपयोगी बनाउनुपर्ने आवश्यकता औंल्याएको छ । निर्वाचन आचारसंहिताको पालना सन्तोषजनक देखिएको जियोकले जनाएको छ ।




# लुटियो मतपत्र, सुरक्षाकर्मीले लिए फिर्ता



**काठमाडौं/मस–** रौतहटको यमुनामाई गाउँपालिकामा मतपेटिका लुटिएको छ । यमुनामाई गाउँपालिकाको वडा नम्बर १ को चिकना जेठरहिया ‘क’ मतदान स्थल र वडा नम्बर २ को मतदान स्थलबाट मतपेटिका लुटिएको हो । अहिले उक्त तस्बिर सामाजिक सञ्जालमा भाइरल भएको छ । यमुनामाईमा जनता समाजवादी पार्टी, नेपाली कांग्रेस र नेकपा एमालेका कार्यकर्ताबीच पटक-पटक झडप भएको थियो । मतदान स्थलमा हुलदंगा भएको र आक्रोसित भीडले मतदान केन्द्र कब्जामा लिएर मतदान भएको र बाँकी रहेको मतपत्र च्यात्नुका साथै मतपेटिका तोडफोड गरेका छन् । सोहि क्रममा केहीले मतपेटिका समेत लिएर भागेका थिए । पानी हालेको अवस्थामा मतपेटिका बरामद भएको प्रहरीले जनाएको छ । यसैबीच उक्त मतपत्र सुरक्षाकर्मीले नियन्त्रणमा लिएका छन् । रौतहटका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाहीले दिउँसो विवाद भएपछि सर्वदलीय बैठक चलिरहँदा छलफलमा रहेका राजनीतिक दलका प्रतिनिधि मध्ये केहीले मतपेटिका उठाएर हिँडेको देखिएको बताए ।

## कथा

# परिचित अनुहार

'को रहेछ फेरि..?' हेरेँ । देखेँ, हातमा प्ले कार्ड । झट्ट चिन्न सकिन । भीड थियो । चिन्न खोजेँ । चिने । निधारमा चिटचिट पसिना । आँखामा एकप्रकारको क्रोध । मैले राम्ररी ठम्याएँ । हो ऊ मेरै साथी थियो । मेरो साथी विवेक । भीड अझै शान्त भएको थिएन । गुञ्जी रहेका थिए स्वरहरू अझै । सोचेँ, भीडभित्र मैले देखेको त्यो अनुहार सत्य हो !



■ अर्जुन यावा

बिहानै डाँडागाउँ पुग्दा दुई/तीन जनाले समाचार-पत्रहरू हेरिरहेका थिए । छिमेकी भीमदाजु समाचार-पत्रहरू मिलाइरहनु भएको थियो । बिहान प्रायः भीमदाजुलाई व्यस्त नै पाइन्छ । चासो दिएर बिहानै त्यत्ति पत्र-पत्रिका हेर्ने गरेको छुइँन । तर पनि यहाँ आइपुगेपछि एकपल्ट कुनै-कुनै पत्रिका हेरिहाल्छु । आफ्नै पत्रिका कस्तो आएछ ? चासोको पहिलो विषय हुन्छ । अहिले पनि त्यस्तै भयो । अनि टेबलमा मिलाएर राखिएका समाचार-पत्रहरूबाट निकालेँ 'समय दैनिक' ।

सबैको ध्यान लिड न्यूज के छ ? सेकेण्ड लिडमा के छ ? सत्तापक्षले के भनिरहेका छन् ? विपक्षकाहरूले के भन्दैछन् ? राज्यमा नयाँ घटना के हुँदैछ ? यस्तै-यस्तैमा थिए । मैले पनि त्यसै गरेँ । हामीले बिहानै समाचार पत्रिकामा हेर्नुपर्ने भनेको पहिलो पाता नै हो । पहिलो पाता अर्थात् स्थानीय गतिविधि । आफू स्वयम् पत्रकारिता पेशामा भएकाले होला ती समाचारहरूले मलाई त्यति ध्यानाकर्षण गर्दैन । 'हेडलाइन'हरू सर्सर्ति हेरेपछि भित्रि पृष्ठका राष्ट्रिय समाचारहरूमा मेरा आँखा पुग्छन् ।

समाचारहरु- भ्रष्टाचारको विरोधमा भोक हड्ताल, देशमा भ्रष्टाचार रोकिनुपछ : अन्ना हजारे, केजरीवालले दिल्लीलाई भ्रष्टाचारमुक्त गर्ने, गैरकानूनी ढंगमा विदेशमा निवेश गर्न नपाइने, विदेशी बैंकहरूमा पुँजी राख्नु अवैध, विदेशी बैंकहरूमा पुँजी राख्नेहरूको सूची जारी यस्तै यस्तै थिए । प्रायः समाचार पत्रहरूमा दोहोरिरहने राष्ट्रिय समाचारहरूका हेडलाइनहरू नै रहेछन् आज पनि ।

'ए...! यावा' पनि रहेछ । कतिबेला...?'

प्रश्न मेरै लागि थियो । टाउको फर्काएँ दाहिनेतिर । 'रावत' दाजु हुनुहुन्थ्यो। प्रतिउत्तरमा 'भर्खर-भर्खरै । तपाईं नि..?' सोधेँ ।

'इ..., जस्ट पेपर टिप्दैछु', भन्नुभयो । 'हिमाली बेला' रहेछ उहाँको हातमा । हिमाली बेला अथवा रावत दाजुले भन्नुभएको 'पेपर'। दैनिक नेपाली समाचार पत्र ।

'के छ हौ नयाँ-नौलो ?' सोध्नुभयो मलाई । आँखा तर मतिर होइन, समाचार-पत्रमै थियो यतिबेला ।

'छैन हौ त्यस्तो केहि...।' हेरेर उत्तर दिएँ उहाँलाई ।

मेरो हातमा भएको समय दैनिक अघि टिपेकै ठाउँमा मिलाएर राखिदिएँ । सबैले टिपेर हेर्दै नमिलाई फ्यात्त फ्याँकिदिएर जाँदा भीम दाजुलाई कहिलेकाहिँ त रिस उठ्दो हो ! सम्झन्छु । त्यसैले जहिल्यै पनि समाचार पत्रहरू हेरेको समय मिलाएरै राखिदिन्छु, जस्ताको जस्तै । पत्रिका राखिदिएँ अनि रावत दाजुतिर हेर्दै भनेँ, 'गएँ है दाजु ।'

रावत दाजुले दुईहातले दुई छेउ समाएर हेर्दै गरेको समाचार-पत्रका दुवै पाता देब्रे हातमा अड्याउँदै दाहिने हात मतिर बडाउनुभयो । त्यसपछि 'ल...' भन्दै फेरि प्रश्न गर्नुभयो 'कता? घरतिरै कि ?'

'हजूर ।' भनेर म आफ्नो बाटो लागेँ ।

रेडियो स्टेशन पुग्नु थियो । त्यसैर फेरि डाँडा गाउँ पुग्नैपर्ने । पुगेर ट्याक्सी पर्खिरहेको थिएँ । सोमबार प्रायः ट्राफिक जाम हुनेगर्छ । अझ महिनाको पहिलो साता सोचेको समयमा पुग्नुपर्ने ठाउँ पुग्नु गाह्रो पर्छ । यो नयाँ कुरा होइन । गान्तोकको यो समस्यासित कोही अनभिज्ञ छैनन् । समाधान तर, कहिले हुनसकेको छैन । सायद हुँदैन पनि । किनभने समाधानको लागि विकल्प पनि त चाहियो । यसको फाइदा उठाउनेहरू तर खुशी हुन्छन् ट्राफिक जामसित । ट्राफिक जाम नहुँदा नै पनि 'सर जाममा परेको छु, अलिक ढिलो हुन्छ होला...।' भनिरहेका हुन्छन् । तर अहिले म साँच्चै ट्राफिक जामको चपेटमा छु । बाहनहरू घस्रिरहेका छन् सडकमा । म सडक छेउ उभिएको छु ट्याक्सी पर्खेर । सबै प्याक ।

झण्डै १५ मिनटपछि एउटा प्राइवेट कार मेरो छेउमै रोकियो । झट्ट ध्यान गइ हालेन त्यसमा । 'टिट्..टिट्...' हर्न बज्यो । 'याँ आफूलाई अबेर हुन लागेको बेला...' मनमनै सोच्दै झर्को माने झैं हेरेँ । 'आइ-२० ' थियो मेरो अघि रोकिएको ।

'बजारतिर हो ?' प्रश्न र हातको इशारा एकैसाथ मेरै निम्ति थियो । 'जाउँ' भनेर अघिल्लोपटिको दैलो खोलिदियो उसले । 'ऊ' अथवा विवेक ।

विवेक उही थियो, जोसित म सँगै कलेज पढेको थिएँ । कलेजको पहिलो भेटमै हाम्रो मित्रता भएको थियो । गाउँको स्कूल पढेर आएका एक सोझो ठिटो थिए उनी त्यस समय । म जस्तै एक गरीब बाबुका छोरा । कलेसम्मको पढाइपछि कहाँ हराएको थियो, थाहा भएन । वर्षौंपछिको भेटमा पनि चिनिहालेछ मलाई । र त रोकिदिए गाडी मेरै निम्ति । चढेँ । साँच्चै हो, आइ-२० मै चाहिँ पहिलोपल्ट चडिरहेको थिएँ ।



> "झण्डै १५ मिनटपछि एउटा प्राइवेट कार मेरो छेउमै रोकियो । झट्ट ध्यान गइ हालेन त्यसमा । 'टिट्..टिट्...' हर्न बज्यो । 'याँ आफूलाई अबेर हुन लागेको बेला...' मनमनै सोच्दै झर्को माने झैं हेरेँ । 'आइ-२०' थियो मेरो अघि रोकिएको । 'बजारतिर हो ?' प्रश्न र हातको इशारा एकैसाथ मेरै निम्ति थियो । 'जाउँ' भनेर अघिल्लोपटिको दैलो खोलिदियो उसले ।

'साथी के छ हौ खबर ?' उसको प्रश्न थियो गाडीमा चढिसकेपछि ।

'सबै ठिकठाकै छ ।' सिधा जवाब दिएँ ।

'कविता लेखिँदैछ ?' मतिर फर्किँदै सोध्यो । 'थुक्क लोदर ।' मैले केही भन्न नभ्याई ट्राफिक जामसित झोक्किँदै थियो ऊ ।

'बेला-बेला लेख्दैछु नि' भनेँ । फेरि सोधेँ मैल, 'के गर्दैछौ नि कामकुरो ?' अनि मनमनै सोचेँ आइ-२० त्यसै त कुदाइरहेका पक्कै होइनन् ।'

'टिट्...टिट्...' जाम खोलिएछ । पछाडिको गाडीलाई हतार लाग्यो । 'सबैलाई हतारै छ त हौ...। दुई सेकेण्ड ढिलो गर्नु हुँदैन, हर्न बजाउनै पर्ने...।' गनगनिदै बढायो गाडी उसले ।

'ए...! के पो सोद्धै थियौ ?' सोध्यो उल्टै मलाई ।

प्रश्न दोहोर्याइदिएँ, 'अहिले के गर्दैछौ ?'

'ए... अँ...' भनेर 'केही छैन हौ ।' भन्यो अनि त्यही प्रश्न मलाई फर्कायो ।

'म त पत्रकारितामा छु ।' सिधा जवाब थियो मेरो ।

'विवाह गर्‍यो त नि...?' मलाई सध्यो।

'निकै भइसक्यो नि ।' भनेँ मैले ।

'मैले लास्ट इयर जयलाई भेटेको थिएँ । उसैले भनेको ।' भनेर फेरि प्रश्न थप्यो, 'नानी छ ?'

'एउटी छोरी छे ।' फेरि भनें ।

'कति वर्षकी ?' सोध्छ होला सम्झेको थिएँ, 'साँची जय त टिचिङ गर्दै थियो एडहकमा । गर्दैछ ?' सोध्यो ।

'छोडेर पुरानै विजनेस गर्दैछ ।' उसको जवाब दिएँ । 'तिमी पनि त्यसै त बसेको छैनौ नि...!' फेरि जान्न खोजेँ ।

'के भन्नु यार ! गर्दैछु । कन्सोलिडेटेडमा छु नि ।' थोरै निरुत्साह पढेँ यतिबेला उसको मुहारमा । फेरि सोचेँ, "कन्सोलिडेटेड जभ, अनि ड्युटी जानु आइ- २० मा चढेर ?'

'ठिकै छ । अनि... बिवा गर्‍यौ ?' प्रश्न गर्दै नजानिँदो उसको शीर-पाउ दगुराएँ दुई नयन अनि आफैलाई खुट्टादेखि घाँटीसम्म नियालेँ । फेरि हेरेँ स्टि्रङ अगाडि राखेको उसको सामसुङ गेलेक्सी ग्राण्ड-२ र एप्पल आइ फोन-६ अनि मोबाइलको हिसाब लगाएँ । लगभग पैंसठ-सत्तरी हजार ।

'गरेँ नि । क्या त मैले प्रपोज गर्दा भागिहिँड्थी नि...!'

मैले बिर्सिएछु । सम्झने प्रयास गर्दैथिएँ । उसैले भन्यो, 'सुनिताले फाइनल इयरमा त एक्सेप्ट गर्‍यो नि ।' यतिबेला थोरै खुशी दौडिएको प्रष्टै देखिन्थ्यो उसको मुहारमा ।

'नानीहरू ?' छोटो प्रश्न थियो मेरो ।

'छोरा र छोरी एक-एकजना ।'

'कम्प्लिट फ्यामिली रहेछ ।' मेरो यो वाक्यले ऊ खिसिक्क हाँस्यो । सायद खुशीमा।

'मलाई यतै रोकिदेउ है' आइडीबीआइअघि पुग्दा हङ्गीज्याकतिर देखाउँदै भने ।

'हङ्गी ज्याक' भनेर होटललाई भन्दा धेरै ट्याक्सी स्टपेज भन्ने बुझिन्छ । अझै धेरैले 'पेट्रोल पम्प' भनिदिन्छन् । त्यहाँबाट 'पम्प' हटाइएको धेरै भइसकेको छ । तर यो ठाउँको नामै भइसकेको छ 'पेट्रोल पम्प'। हामी पुग्यौं । म ओर्लिएँ ।

'सी यू अगेन ब्र...।' भनेर ऊ अघि बढ्यो । म टाइटनिकतिर लागेँ । साथीहरू हेरेँ । कोही थिएनन् । रेडियोमा रेकर्डिङ पनि अझै आधी घण्टापछि मात्रै थियो । 'आ जाँदैगर्छु...' सम्झेँ अनि हिँडे । एसबीआइको अगाडी हुँदै रुची क्लिनिकको छेउबाट एसटीएनएम निस्किएँ । कसैसित केही बोल्नु थिएन । एसटीएनएम अगाडि राखिएका बाहनहरूले बाटोसम्म छोडेको हुँदैन कहिलेकाहिँ । आज पनि त्यस्तै रहेछ । मनमनै गनगनाउँदै इमरजेन्सी वार्डअगाडिबाट छिरेँ । 'बेस्सी नै सर्टकट खोज्नेहरूको लाइफ पनि सर्टकट नै हुन्छ' भनेको सुनेको थिएँ, कति सत्य हो ? थाह छैन । मैले तर सर्टकट नै रोजेँ । त्यसैले एसटीएनएमदेखि पनि हाइकोर्ट हुँदै फूटपाथ निस्किएर पुगेँ आकाशवाणी गान्तोक स्टुडियो ।

काम सकियो ।

झट्ट सम्झना भयो कुन्नि केको र्याली निकाल्ने कुरा थियो..। लागेँ एमजी मार्गतिर ।

'ओए...! कहाँ छस् ?' फोन गरेँ झरनालाई ।

'टाइटनिकमा ।' छोटो जवाब आयो । फेरि सोधिन्, 'तपाई कहाँ हुनुहुन्छ ?' अनि भनिन्, 'आउनु न, कोनि केको ऱ्याली निकालेको रहेछ । आइपुग्नु आँट्यो ।'

'ल... ल...! आउँदैछु ।' भनेपछि मोबाइल गोजीमा हालेँ ।

'भ्रष्टाचार रोक्नुपर्छ...।' तिक्खो नारी स्वर सुनेँ एसटीएनएमको इमरजेन्सी वार्ड क्रस गर्दा-नगर्दै । पछिपछि 'रोक्नुपर्छ..., रोक्नुपर्छ...।' थपिरहेका थिए एक हूल स्वरहरूले । मेरा दुई पाइला स्वतः हतारिरहेका थिए । दुई नयन त्यतैतिर अघि नै दगुरीसकेछन् । 'कुरा के रहेछ ?' जान्ने मनभन्दा दुई नयन छिट्यो पुग्यो भीडमा मिसिन । राजमार्ग उकालो आइरहेको त्यो हूलसितै घुमेर मेरा दुई नयन पनि टाइटनिक मै थुप्रिन पुगेँ ।

बल्ल पुगेँ । खोजेँ झरनालाई । फोटो खिचिरहेकी थिई । राष्ट्रिय टेलिभिजनहरूमा हेरिँदै गरेको कुराले राज्यमा पनि प्रवेश गरेछ । यति बुझेँ । देश र राज्यको इश्युलाई कम्पायर गरेँ । फेरि निक्र्यौल मन लाग्यो भीडभित्रका अनुहारहरू । थोरै चिनेकाहरू । थोरै कतै चिनेकाहरू जस्ता लाग्ने । धेरै नदेखिएकाहरू । हुनसक्छ कतै, कहिँ, कुनै समय यस्तै भीडहरूमा देखिएका होलान् । तर अपरिचित । अनुहारहरू सबै टुङ्गिएका थिए टाइटनिकमा आएर । अघिको तीखो स्वर अहिले त्यत्ति उत्साहित थिएन । शान्त भइहालेको पनि थिएन ।

'घुसखोरी र भ्रष्टाचारी होसियार...।' अचानक अर्को ठूलो स्वर चर्कियो ।

'होसिया..., होसियार...।' पछ्याएको थियो भीडले ।

'को रहेछ फेरि..?' हेरेँ । देखेँ, हातमा प्ले कार्ड । झट्ट चिन्न सकिन । भीड थियो । चिन्न खोजेँ । चिने । निधारमा चिटचिट पसिना । आँखामा एकप्रकारको क्रोध । मैले राम्ररी ठम्याएँ । हो ऊ मेरै साथी थियो । मेरो साथी विवेक । भीड अझै शान्त भएको थिएन । गुञ्जी रहेका थिए स्वरहरू अझै । सोचेँ, भीडभित्र मैले देखेको त्यो अनुहार सत्य हो !

## कविता

### अनि पो जितिन्छ लडाईं



वि. पि. विद्रोही

जहाज चढेर पूर्व लाग्यो कि
बस चढेर पश्चिम लाग्यो
दलाल पुँजीवाद ?
उस्ले कस्तो कमिज लगाएको छ ?
अन्दाजी कति वर्षको छ ?
जुङ्गा मोटो छ कि पातलो ?
कति बजे कुन चोकमा पुग्छ ?
रेकि गरौँ
एउटा कमरेडले अर्को कमरेडलाई खबर गरौँ
हामीमाथी लाद्ने अत्याचारको यात्री बोकेर
साढे पाँच गिएरमा हुँइकिरहेको
दलाल सत्ताको गाडिलाई
सुनसान जंगलमा रोकेर
बुझाइदिऊँ जनसेनाको डिभिजनलाई
अनि पो जितिन्छ लडाइँ ॥

पुरानो सत्ताले
क्रान्तिकारीहरुको विरुद्ध कस्तो खाले लेख्दैछ
षड्यन्त्रको दस्तावेज
चियो त्यता गरौँ
हिन्द-प्रसान्त सागर भएर
हाम्रो माटोमा छिर्न चाहिरहेको साम्राज्यवादलाई
कोलकाता बन्दरगाहमै रोकौँ
समुन्द्रमा एम्बुस थापौँ
अनि पो जितिन्छ लडाइँ ॥

विश्व शान्तिको खोल ओडेर
झ्यालबाट छिर्न लागेको धार्मिक अतिवादलाई
भण्टा बारिबाटै फर्काइदिउ
अनि पो जितिन्छ लडाइँ ॥

एउटा कमरेडले अर्को कमरेडको जरो खनेर
अर्को कमरेडले अर्को कमरेडको हाँगो लाछेर
कसरि जितिन्छ लडाइँ ?

हाम्रो रुद्रघण्टीबाट
पल्मनरी धमनी र सिरा हुँदै
हाम्रो मस्तिष्कसम्म पुग्न चाहिरहेको पुँजीवादलाई
नाकको डाँडिमै रोकौँ
अनि पो जितिन्छ लडाइँ ॥

कमरेड,
पुँजीवाद हाम्रो आँगनमा नाङ्गै नाचिरहेको याम
हाम्रो काम धेरै छ
सचेत बनौँ
जिम्मेवार बनौँ
पुँजीवादविरुद्ध लडौँ ॥

### पाँच मुक्तक



अम्बरबहादुर बि.क

१.
रूदै छिन् नेपाल आमा छातीको घाउ फाटेर
आफ्नै सन्तानले मुटु अचानोमा राखी काटेर
कस्लाई माया छ र देशको स्वार्थले भरिएको
बेचिदिन्छन् कि देश डलर र भा.रू.मा साटेर ॥


२.
यो देशमा न नेता सुध्रिन्छन् न कुनै जनता
न कसैलाई घृणा लायक छन्, न ममता
नुन खाएर गुण बिर्सिन्छन् चाँडै मान्छेहरू,
भेटिएन कतै जनमनमा कोही एकरूपता ॥

३.
गोरू जस्तै जोतिन्छन् युवा अरबको खाडीमा
हामीले जिताएका नेता हिड्छन् नहेरी गाडीमा
के सोचेर ल्याउएको नीति बेग्लै भो गतिविधि
चुनाव आउँदा सिङ्गापुर बन्छ नत्र देश झाडीमा ॥

४.
टाढाको देवता होइन, नजिकैको भुत नै काम लाग्छ
यो युगमा सत्यवादी हरिचन्द्र हैन झुट नै काम लाग्छ
गरिबीको निकास खोजौं अब विकास गर्ने नेता रोजौं
नेताको भाषण हैन हजुर जनता-खुद नै काम लाग्छ ।

५.
आजभोली जतातत्तै सर समानको भाउ बढेको छ
घर चलाउन पनि दिनदिनै ऋणले साहु बढेको छ
गरिबको बेथा सरकारको ढुकुटी मार्नेलाई के थाहा
सोध उसलाई जस्को पिडाले मुटुमा घाउ बढेको छ ॥

## लघुकथा



रूक्मिणी शर्मा

# स्वतन्त्रता


मुन्नी आफ्नो हातले चारो पानी खुवाछिन् अनि सुमसुम्याउदै भन्छिन्, 'तिमीहरु आजदेखि आजाद पन्छी हुनेछौं । लौत् जाओ मुक्त मनले दिग दिगन्त;र्को परिभ्रमण गरेर साथी सँगी सित स्वतन्त्र भएर खेल भन्दै ढोका खोलि दिन्छन् । जब सुगा परखेटा फरफराउँदै खुशी खुशीले वनतिर लागे । उनि एकहोरो आँखा झिमिक्क नपारि उतैतिर हेरि रहेकी हुन्छिन् ।

पुर्णप्रसादले शहर गएका बेला एकजोडी सुँगा लिएर आए । उनले सोचेका थिए, 'सुगा बोल्न थाल्छन् अनि छोरी यिनीहरूसँग खेलेर भुल्छिन् ।' तर, उनलाई के थाहा, छोरीको मनले के माग्दै छ ? कहाँ उड्दै छ ? आफुले सोचे जस्तो सबै केको हुन्थियो र ..। 'उ' आजभोलि आडम्बर, विलासितापुर्ण जीवनमा होमिएका छन् । मुन्नीलाई पनि आफु जस्तै बनाउन खोज्दछन् । तर मुन्नीको मन बाबुको आडम्बर तिर ढल्किदै न । मुन्नीको मन मुटु त टुल्कि, लक्ष्मी, ऋषि भगे तिर ढल्किएको छ किनभने उ स्वतन्त्र भावले उडन् खोज्दछिन् । बाबुलाई फेरि छरछिमेकमा भएका तेस्ता दरिद्रताले त्यान्द्रो भाका, मैलेधैले नानीबाबुहरुसँग खेलेको मन पर्दैन । तर मुन्नीको चैं साथीहरूसँग खेल्न नपाएर मन खिन्न हुँदै गाको छ। साथीहरूले खेलेको देख्दा उनका आँखादेखि आँसुका बलिन्द्र धारा बग्छन् । कहिलेकाँही त बाबु आमाका आँखा छलेर "जे होला देखा जाला" भन्ठानेर ढोका सरक्क खोलेर खेल्न जान्छिन् । त्योदिन चैं उनको लागि कुनै एउटा ठूलो युद्ध जितेर आएपछि राज्यमा राज्याभिषेकको लागि उत्सव मनाएको दिन जस्तो लाग्दथ्यो । मन प्रफुल्लित हुन्थ्यो । फेरि कुनै दिन चै निस्किने जमर्को गर्दागर्दै मौका मिल्दैनथ्यो र सुर्यदेवको विश्राम लिने बेला हुन्थ्यो । त्यतिबेला बिचरी मुन्नी सुगासँग बसेर मनको गुनासो पोख्दै भन्थिन्, 'हेर...तिमीहरुको र मेरो दसा एउटै भाको छ । हामी तिनैजना पिञ्जरामा बाँधिएका पराधीन प्राणी हौं । पर्ख पर्ख तिमीहरुले चिन्ता गर्नुपर्दैन । म यहाँबाट तिमीहरुलाई छिट्टै नै मुक्त गराउँनेछु ।" सुगा दुईवटा अलि अलि बोल्न थालेका छन् । उनीहरू मुन्नी-मुन्नी, हुन्छ-हुन्छ भन्दै रमाउछन् ।

आइतबारको दिन थियो । मुन्नीको पनि पाठशाला छुट्टी भाको हुनाले घरमै थिइन । दैव संयोग त्यो दिन बाबु-आमा दुवै व्यवसायको निम्ति शहर जानुपर्ने भयो । बाबु आमा गए पछि मुन्नी पिञ्जराको छेउमा गएर मिठु मिठु भनेर बोलाउँछिन् । उनीहरू मुन्नीको छेउमा आएर केही भनौँला जस्तो गर्छन् । मुन्नी आफ्नो हातले चारो पानी खुवाछिन् अनि सुमसुम्याउदै भन्छिन्, 'तिमीहरु आजदेखि आजाद पन्छी हुनेछौं । लौत् जाओ मुक्त मनले दिग दिगन्त्र्को परिभ्रमण गरेर साथी सँगी सित स्वतन्त्र भएर खेल भन्दै ढोका खोलि दिन्छन् । जब सुगा पखेटा फरफराउँदै खुशी खुशीले वनतिर लागे । उनि एकहोरो आँखा झिमिक्क नपारि उतैतिर हेरि रहेकी हुन्छिन् ।

त्यतिकैमा बाबु-आमा शहरबाट आईपुग्छन् । छोरी एकोहोरिएर बसेको देखेर उनीहरू आत्तिदै के भयो भनेर छोरीलाई सोध्छन् । छोरी खाली पिञ्जरा देखाउँदै "म पनि एक दिन मेरो पिञ्जराको ढोका खोलेर लक्ष्मी, टुल्किहरुसँग कसैले चालै नपाई खेल्न जान्छु", भन्छिन् । बाबु-आमा छोरी तिर ट्वाल्ल परेर हेरिरहन्छन् । छोरी कुद्दै घरभित्र पस्छिन् । भोलिपल्ट चैते दशैंको महानवमी थियो । उनीहरूले त्यहीँ बसिबसी सिद्धान्त लिए भोलि राम्रो दिन हो लक्ष्मी, टुल्क़ी उनीहरुका अरु साथीलाईपनि निम्त्याउने, नयाँ कपडा ल्याई दिने, अनि मीठो मिठो खानेकुरा खुवाएर मुन्नीसहित शहर डुलाउन लिएर जाने ।

# वकिल हुँदै राजनीतिमा लागेका विक्रमासिंघे छैटौं पटक प्रधानमन्त्री



**काठमाडौं/एजेन्सी–** वकिल हुँदै राजनीतिमा लागेका श्रीलंकाका नयाँ प्रधानमन्त्री रनिल विक्रमासिंघे ४५ वर्षदेखि संसद् सदस्य छन् । सन् २०२० को अगस्टमा जारी संसदीय निर्वाचनमा लज्जास्पद पराजय चाखेको युनाइटेड नेसनल पार्टी (यूएनपी) का नेता विक्रमासिंघेको दुई वर्षपछि महत्वपूर्ण कम ब्याक भएको छ । विक्रमासिंघेले आफ्नो साढे चार दशक लामो राजनीतिक करियरमा धेरै महत्वपूर्ण पदहरू सम्हालेका छन् ।

श्रीलंकाका प्रथम कार्यकारी राष्ट्रपति जुनियस जयवर्धनेका भतिजा विक्रमासिंघे राष्ट्रपति रानासिंघे प्रेमदासाको हत्यापछि सन् १९९३-१९९४ सम्म पहिलो पटक प्रधानमन्त्री नियुक्त भएका थिए । सन् २००१ को आमनिर्वाचनमा युनाइटेड फ्रन्ट गभर्मेन्ट विजयी भएपछि उनी सन् २००१-२००४ सम्म प्रधानमन्त्रीका रूपमा पनि निर्वाचित भएका थिए ।

तर, चन्द्रिका कुमारतुंगाले मध्यावधि निर्वाचन आह्वान गरेपछि सन् २००४ मा उनी सत्ताच्युत भएका थिए । प्रधानमन्त्रीको रूपमा आफ्नो कार्यकालमा उनले लिबरेसन टाइगर्स अफ तमिल इलम (एलआइटीटीई) सँग शान्ति वार्ता शुरु गरेर सत्ता साझेदारी सम्झौताको प्रस्तावसमेत गरेका थिए ।

नवनियुक्त प्रधानमन्त्री रनिल विक्रमासिंघेले आफ्नो कार्यकालमा भारतसँग घनिष्ट सम्बन्धको अपेक्षा गरेको बताउँदै आर्थिक संकटको सामना गर्न भारतले गरेको आर्थिक सहयोगका लागि धन्यवाद दिएका छन् ।

विक्रमासिंघेले बिहीबार देशको २६ औं प्रधानमन्त्रीका रूपमा सपथ लिएका थिए । कोलम्बोस्थित भारतीय उच्चायोगले विक्रमासिंघेलाई स्वागत गर्दै राजनीतिक स्थायित्वको आशा राखेको र प्रजातान्त्रिक प्रक्रियाअनुसार बनेको श्रीलंका सरकारसँग काम गर्न तत्पर रहेको जनाएको छ । 'श्रीलंकाका जनताप्रति भारतको प्रतिबद्धता जारी रहनेछ', उच्चायोगले ट्वीटमा भन्यो ।

यसैबीच विक्रमासिंघेले देशमा जनताको समस्या र अशान्ति निम्त्याएको आर्थिक संकट सुध्रनुअघि नै बिग्रिने बताएका छन् । मुलुकले इन्धन अभाव र खाद्यान्नको मूल्यवृद्धिको सामना गरिरहेको छ । कतिपय श्रीलंकाली नागरिकले खानासमेत पाइरहेका छैनन् ।

सरकारले जसरी संकटसँग जुध्न खोजेको छ, त्यसको विरुद्धमा जनता आक्रोशित र हिंसात्मक प्रदर्शन भएका छन् । मुलुकभर भइरहेका आन्दोलनलाई सम्बोधन गर्न र स्थितिलाई नियन्त्रणमा ल्याउन रनिल विक्रमासिंघेलाई प्रधानमन्त्री बनाइएको हो ।

विपक्षी दलका सांसद विक्रमासिंघे छैटौं पटक देशको प्रधानमन्त्री बनेका छन् । प्रधानमन्त्री विक्रमासिंघेले पदभार ग्रहण गरेपछि पहिलो अन्तरवार्तामा श्रीलंकाका जनतालाई दिनमा तीन पटकको खाना उपलब्ध गराउने आफूले सुनिश्चित गर्ने बीबीसीलाई बताए । विश्वबाट थप आर्थिक सहयोगको अपिल गर्दै उनले भने, 'भोकको समस्या हुने छैन हामीले खाना खोज्नेछौं ।'

देशका नयाँ प्रधानमन्त्रीले श्रीलंकाको अर्थतन्त्र धराशयी भएको बताएका छन् । यसका साथै उनले देशका जनतालाई सन्देश पनि दिएका छन् । उनले भनेका छन्, 'धैर्य राख्नुहोन्, म स्थितिलाई ट्र्याकमा ल्याउनेछ ।'

श्रीलंकाका राष्ट्रपति गोटाबाया राजापाक्षेले बिहीबार रनिल विक्रमासिङ्घेलाई प्रधानमन्त्रीको सपथ ग्रहण गराए पनि उनी राजनीतिक रूपमा शक्तिशाली राजापाक्षे परिवारसँग नजिक रहेकाले उनको नियुक्तिप्रति असन्तुष्टि छ ।

आफ्नो अन्तरवार्तामा विक्रमासिंघेले राष्ट्रपति गोटाबाया राजापाक्षेको राजीनामा माग गर्दै आन्दोलनकारीको मागमा आफू सहमत भएको तर त्यसो नहुने बताए । विक्रमासिंघेले भने, 'आरोप लगाउँदा केही पनि हुँदैन । म यहाँ जनताको कल्याणका लागि आएको हुँ ।'

श्रीलंकाको अर्थतन्त्र निरन्तर ओरालो लागेको छ । खाद्यवस्तु, इन्धन र औषधि या त उपलब्ध छैनन् वा जनताको आर्थिक पहुँच बाहिर भएका छन् । पेट्रोल पम्पमा तेल भर्न लाइनमा बस्दा धेरैले ज्यान गुमाएका छन् ।

सन् १९४८ मा बेलायतबाट स्वतन्त्र भएपछि श्रीलंकाको यो सबैभन्दा खराब आर्थिक संकट हो । श्रीलंकाको राजधानी कोलम्बोकी एक ६८ वर्षीया महिलाले एएफपी समाचार एजेन्सीलाई भनिन्, 'हामीसँग मट्टितेल छैन, पेट्रोल छैन, डिजेल छैन । हामीसँग खाना पकाउने ग्यास छैन र हामीसँग दाउरा बाल्ने चुलो पनि छैन ।'

'हामी हरेक दिन हाम्रा बच्चाहरूको पेट भर्नका लागि संघर्ष गरिरहेका छौं । खाद्यान्नको मूल्य तीन गुणा बढेको छ । हामीले कसरी आफ्नो जीवन चलाउने ?'

श्रीलंकाको आर्थिक संकटको सबैभन्दा ठूलो कारण श्रीलंका आफ्नो दैनिक आवश्यकताको लागि आयातमा निर्भर हुनु हो, तर श्रीलंकासँग आयातको बिल तिर्न डलर छैन । यसको विदेशी मुद्रा सञ्चिति निरन्तर घटिरहेको छ ।

कोभिड महामारीले श्रीलंकाको अर्थतन्त्र पनि प्रभावित भएको छ । यसै गरी सन् २०१९ मा चर्चमा भएको बम विष्फोटले देशको पर्यटनमा क्षति पुगेको थियो । यससँगै श्रीलंकाको आर्थिक संकटमा सरकारको कमजोर आर्थिक व्यवस्थापन पनि जिम्मेवार रहेको विज्ञहरू बताउँछन् ।

# यूएईका राष्ट्रपति खलिफाको निधन



काठमाडौं/एजेन्सी- संयुक्त अरब इमिरेट्स यूएईका राष्ट्रपति शेख खलिफा बिन जइद अल नहयानको निधन भएको छ । राष्ट्रपतीय मामिला मन्त्रालयले विज्ञप्ति जारी गर्दै शेख खलिफाको निधन भएको जनाएको हो ।

'राष्ट्रपतीय मामिला मन्त्रालय राष्ट्रका राष्ट्रपति महामहिम शेख खलिफा बिन जइद अल नहयानको निधनप्रति शोक व्यक्त गर्दछ ।' विज्ञप्तिलाई उद्धृत गर्दै यूएईबाट प्रकाशित हुने गल्फ न्युजले जनाएको छ ।

मन्त्रालयले मुलुकमा राष्ट्रिय शोकको घोषणा गरेको छ । साथै ४० दिनसम्म राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरिएको जनाइएको छ । यसबाहेक तीन दिनसम्म सार्वजनिक बिदा दिइएको छ ।

अबु धाबी इमिरेटका अमिर समेत रहेका उनी यूएईको इतिहासकै दोश्रो राष्ट्रपति थिए । सन् २००४ मा आफ्ना पिता शेख जइद बिन सुल्तान अल नहयानको निधन भएपछि शेख खलिफा यूएईको राष्ट्रपति बनेका थिए ।

# फिनल्याण्डलाई रुसको चेतावनी



**काठमाडौं/एजेन्सी–** फिनल्याण्डले 'नेटो' मा आवद्ध भए रुसले प्रतिशोधात्मक कदम चाल्ने चेतावनी दिएको छ । रुसको विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै यसले दुई देशबीच सम्बन्धमा गहिरो असर पर्ने र यसले उत्तरी युरोपको सुरक्षा र स्थिरतामा गम्भीर असर पर्ने बताएको हो ।

यसअघि, फिनल्याण्डका राष्ट्रपति र प्रधानमन्त्रीले नेटोको सदस्यताका लागि ढिला नगरी आवेदन दिनुपर्ने मत राखेका थिए । फिनल्याण्ड र रुसबीच १३ सय किलोमिटर लामो सीमा रहेको छ । रुससँग सम्बन्ध नबिगार्न फिनल्याण्डले हालसम्म नेटोको सदस्यता लिएको छैन । फिनल्याण्डले संसद् बैठकपछि आइतबार यसबारे औपचारिक निर्णय लिने बताइएको छ ।

त्यस्तै स्वीडेनले पनि सोही दिन नेटोको सदस्यता लिनेबारे निर्णय लिने बताएको छ । नेटोका सेक्रेटरी जनरल जेन्स स्टोल्टनबर्गले दुई देशलाई चाँडै सदस्यता दिने प्रक्रिया चाँडै सुरु हुने विश्वास व्यक्त गरे ।

यसैबीच युक्रेनका विदेश मन्त्रीले शुक्रबार जर्मनीमा धनी राष्ट्रहरूको क्लबलाई भेट्दै आफ्नो युद्धग्रस्त देशको पुनर्निर्माणमा मद्दत गर्न रूसी सम्पत्तिहरू कब्जा गर्न र हस्तान्तरण गर्न लाई आह्वान गरेका छन् । 'आज मैले जी-७ देशहरूलाई कानून अपनाउन र रूसी सार्वभौम सम्पत्तिहरू जफत गर्न र युक्रेनको पुनर्निर्माण गर्न त्यो पैसा प्रयोग गर्न आवश्यक सबै प्रक्रियाहरू लागू गर्न आग्रह गरेको छु,' दिमिट्रो कुलेबाले भनेका छन् ।

त्यस्तै युक्रेनले शुक्रबार चेतावनी दिदै इयुको अर्को प्रतिबन्ध प्याकेजमा रूसी तेलमा प्रतिबन्ध हटाउने कुनै पनि प्रकारको निर्णय गरिए ब्लकको एकताको अन्त्य हुने बताएको छ । 'यदि यो प्याकेज (एक) तेल प्रतिबन्ध बिना अपनाइयो भने, मलाई विश्वास छ (रूसका) राष्ट्रपति पुटिनले उत्सव मनाउन सक्छन् किनभने यो पहिलो घटना हुनेछ जब एक देश - हंगेरीको स्थितिका कारण युरोपेली संघको एकता टुटेको छ,' युक्रेनी विदेशमन्त्री दिमित्रो कुलेबाले चेतावनी दिँदै सो टिप्पणी गरेका हुन् ।

यता युक्रेनको उत्तरी चेर्निगिभ क्षेत्रको एउटा शहरमा बिहीबार रुसी आक्रमणमा परी तीन जनाको मृत्यु हुनाको साथै अन्य १२ जना घाइते भएको आपतकालीन सेवाहरूले एएफपीलाई बताएका छन् । नोभगोरोड-सिभरस्कीमा हडतालको परिणाम स्वरूप तीन जनाको मृत्यु भएको छ र १२ जना घाइते भएका छन् ।

# भारतमा थपिए २८ सय बढी संक्रमित



**काठमाडौं/एजेन्सी–** भारतमा २४ घण्टाको समयावधिमा २ हजार ८ सय ४१ जना कोरोना भाइरसका थप संक्रमित फेला परेका छन् । यससँगै भारतमा कूल संक्रमतिको संख्या चार करोड ३१ लाख १६ हजार २ सय ५४ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

विगत केही महिनायता न्यून विन्दुमा पुगेको कोरोना भाइरस संक्रमितको संख्या पुनः केही दिनयता तीन हजार नाघेको थियो । यद्यपि गत मङ्गलबारबाट केही मात्रामा कमी देखिएको छ । चौबीस घण्टाको समयावधिमा थपिएका यी नयाँ संक्रमितमध्ये ३६ प्रतिशत राजधानी दिल्लीका रहेका समाचारमा जनाइएको छ ।

हाल राजधानीमा ४ हजार ९ सय २८ सक्रिय संक्रमित रहेका पनि बताइएको छ । यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप ९ को मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको संख्या ५ लाख २४ हजार १ सय ९० पुगेको छ ।

भारतभर अझै पनि सक्रिय संक्रमित १८ हजार ६ सय ४ रहेका पनि मन्त्रालयले जानकारी दिएको छ । चौबीस घण्टामा ३ हजार २ सय ९० कोरोना निको भएका छन् । यसैसँगै हालसम्म चार करोड २५ लाख ७३ हजार ४६० सफलतापूर्वक कोरोना संक्रमण निको भएर अस्पतालबाट डिस्चार्ज भएका छन् ।

# उत्तर कोरियामा पहिलो पटक कोरोना संक्रमणबाट मृत्यु

**काठमाडौं/एजेन्सी–** उत्तर कोरियामा कोरोना संक्रमणबाट एक जनाको मृत्यु भएको छ । यो नै उत्तर कोरियामा कोरोनाबाट मृत्यु भएको पहिलो केस हो । उत्तर कोरियाले मृत्युको पुष्टि गर्दै भाइरस राष्ट्रव्यापी रूपमा फैलिरहेको र हजारौं मानिस बिरामी भएको बताएको छ ।

कोरोनाका एक संक्रमित भेटिएको सरकारी समाचार समिति, कोरियन सेन्ट्रल न्युज एजेन्सी, केसिएनएले बिहीबार जानकारी दिएको थियो । सो समाचार समितिले यहाँ गएको दुई वर्षपछि पहिलो पटक एक जनामा यो संक्रमण पाइएको जानकरी दिएको थियो ।

सो समाचार समितिका अनुसार राजधानी प्योङयाङका केही बिरामीमा गरिएको परीक्षणबाट एक जनामा यो संक्रमण पाइएका थिए । यहाँ पाइएको संक्रमण कोभिडको ओमिक्रोन भर्सन भएको पनि समाचारमा जनाइएको छ । यो संक्रमण पाइएपछि यहाँको सरकारले यसलाई राष्ट्रिय सङ्कटको अवस्था भनेको पनि सो समाचार समितिले जनाएको छ ।



# बंगलादेशद्वारा सरकारी अधिकारीहरुका विदेश भ्रमणमा रोक

**काठमाडौं/एजेन्सी–** बंगलादेश सरकारले यहाँका सबै सरकारी अधिकारीहरुका विदेश भ्रमणमा रोक लगाएको छ । कोभिडपछि यहाँको अर्थतन्त्र निकै कठिन अवस्थामा पुगेको भन्दै यहाँको विकास बजेट या अन्य कुनै बजेटबाट विदेश भ्रमण गर्न रोक लगाइएको छ ।

यहाँको सरकारले कोभिडपछिको अर्थतन्त्रको सुधारका लागि विभिन्न कार्यक्रमहरु ल्याएको जनाएको छ । ती कार्यक्रमहरुमा सहयोग गर्न सबै सरकारी अधिकारीहरुलाई यहाँको अर्थ मन्त्रालयले आग्रह पनि गरेको छ । अर्थ मन्त्रालयले बिहीबार एक सूचना प्रकाशन गरेर यहाँका सरकारी भ्रमणहरु सबै प्रकारका हाललाई रोकिएको जनाएको छ ।

यहाँको केन्द्रीय बैंकले बंगलादेशमा विलासिताका र अत्यावश्यक बाहेकका वस्तुहरु आयातमा पनि रोक लगाएको छ । यहाँको केन्द्रीय बैंकले आर्थिक सुधार र मितव्ययिता सम्बन्धी कार्यक्रमहरु ल्याएको थियो । सो कार्यक्रममा सरकारी अधिकारीहरुले गर्ने विदेश भ्रमणका साथै विलासिताका सामानहरुको आयातमा रोक लगाइएको छ ।

यहाँको सरकारले वैदेशिक मुद्राको सञ्चिति घट्दै गएको भन्दै यहाँ खाद्यान्न सहितको अत्यावश्यक बाहेकका अरु सामानहरुको आयातमा रोक लगाइएको बताइएको छ ।

# विरोघ प्रदर्शनमा गोली लागेर एक पत्रकारको मृत्यु

**काठमाडौं/एजेन्सी–** चिलीको राजधानी सान्टियागोमा मे दिवसको क्रममा भएको विरोध प्रदर्शनको समयमा भएको गोली प्रहारको कारण एक पत्रकार मारिएका बिहीबार अस्पतालका अधिकारीले जानकारी दिएका छन् । गोली प्रहारमा परी तीस वर्षीया फ्रान्सिस्का स्यान्डोभलको मृत्यु भएको छ । 'फ्रान्सिस्काले हामीलाई छोडेनन् । उनीहरूले उसलाई मारे,' सेनल ३ डे ला भिक्टोरिया साइटले लेखे, सो साइडले मृत्युको लागि कसलाई दोष लगाइएको थियो भनेर विस्तृत रुपमा उल्लेख भने गरिएको छैन ।

'हामी तपाईंलाई सम्झनेछौं र हामी सत्य बताउन सक्दो प्रयास गर्नेछौं,' भिक्टोरिया साइटले थपेको छ । मे १ मा अन्तर ाष्ट्रिय श्रमिक दिवसको अवसरमा आयोजित युनियनको प्रदर्शनका क्रममा भएको हिंसात्मक झडपमा स्यान्डोवलको टाउकोमा गोली लागेको थियो । गोली लागेर अन्य दुईजना घाइते भएका थिए ।

उनको उपचार गरिएको अस्पतालको सघन हेरचाहका प्रमुख डेनियल रोड्रिगेजले स्यान्डोभलको गोली प्रहारबाट भएको मस्तिष्क रक्तस्रावका कारण मृत्यु भएको एक विज्ञप्तिमाार्फत बताएका छन् । गत हप्ता, गोली प्रहार गर्ने तीन जना अभियुक्त पक्राउ परेका थिए र स्यान्डोभललाई गोली हानेको शंकास्पद व्यक्तिलाई हत्या र अवैध हतियार राखेको अभियोगमा पूर्व परीक्षण हिरासतमा राखिएको थियो ।

वामपन्थी राष्ट्रपति गेब्रियल बोरिकले बिहीबार दिउँसो एक ट्वीटमा स्यान्डोभलको परिवारप्रति संवेदना व्यक्त गर्दै अपराधको लागि दण्डबाट मुक्त हुन नदिने वाचा गरेका छन् । स्यान्डोभलको मृत्युको खबर आएलगत्तै राजधानीमा मैनबत्ती र पत्रकारको तस्बिर राखेर बिभिन्न कार्यक्रमहरु भएका छन् ।

# नाइजेरियामा छात्रालाई कुटपिट गरी जलाइयो

**काठमाडौं/एजेन्सी–** अफ्रिकी मुलुक नाइजेरियामा एक छात्रालाई कुटपिट गरी हत्या गरेर जलाइएको छ । ह्वाट्सएपमा ईश्वरको निन्दा गरेको भन्दै साथीहरूले छात्रालाई कुटपिट गरी आगो लगाइदिएका पुलिस र प्रत्यक्षदर्शीहरूलाई उद्धृत गर्दै स्थानीय सञ्चार माध्यमहरूले जनाएका छन् ।

नाइजेरियाको उत्तरपश्चिमी राज्य सोकोतोमा उक्त घटना भएको हो । विद्यार्थीको मृत्युपछि तत्काल विद्यालय बन्द गरिएको थियो । उक्त घटनामा संलग्न रहेको आरोपमा दुई संदिग्ध पक्राउ परेका छन् ।

मारिने व्यक्ति डेबोरा सामुएल भएको सोकोटो राज्य कमान्डका प्रवक्ताले बताए । कतारी टेलिभिजन च्यानल अल जजीराको अनलाइन संस्करणका अनुसार विभिन्न मानव अधिकारवादी संस्था तथा व्यक्तित्वहरूले हत्याको निन्दा गरेका छन् ।

'विद्यार्थीहरूले प्रयोग गरिरहेको एउटा व्हाट्सएप समूहमा उनको मुस्लिम सहकर्मी विद्यार्थीले इस्लामिक विषय पोस्ट गरेका थिए । सो पोस्टको उनले आलोचना गरेकी थिइन् । उनले एक अडियो पोस्ट गरिन, जसमा इस्लामका धर्मगुरु पैगम्बरप्रति निन्दापूर्ण टिप्पणीहरू छन्', एक प्रत्यक्षदर्शीको भनाइ उदृत गर्दै रोयटर्सले जनाएको छ ।

विद्यालय सुरक्षा र प्रहरीले पीडितलाई बचाउने प्रयास गरे पनि नसकिएको प्राप्त विवरणहरूमा जनाइएको छ ।

# १० महिनामा पुँजीगत खर्च ३१ प्रतिशत मात्रै




**काठमाडौं/मस –** चालु आर्थिक वर्षको तेस्रो चौमाससम्ममा सरकारले ३१ प्रतिशत मात्रै पुँजीगत खर्च गरेको छ। वैशाख मसान्तसम्ममा ३१.२५ प्रतिशत बराबर मात्रै विकास खर्च भएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांकले देखाएको छ। चालु आर्थिक वर्षका लागि सरकारले पुँजीगत शीर्षकमा ३ खर्ब ७८ अर्ब रुपैयाँ बराबर छुट्ट्याएकामा हालसम्म १ खर्ब १८ अर्ब १७ करोड २४ लाख रुपैयाँ बराबर मात्रै खर्च भएको हो।

यस अवधिमा सरकारले गरेको कुल बजेट खर्च भने ५५.६२ प्रतिशत बराबर छ। कुल १६ खर्ब ३२ अर्ब ८२ करोड ९२ लाख रुपैयाँ बराबरको वार्षिक बजेट रहेकामा बैशाख २८ गतेसम्ममा ९ खर्ब ८ अर्ब २३ करोड २४ लाख रुपैयाँ बराबर खर्च भएको देखिएको हो। यसमध्ये चालु शीर्षकमा विनियोजित बजेटको ६७.२४ प्रतिशत बजेट खर्च भएको छ। चालु शीर्षकमा १० खर्ब ६५ अर्ब २९ करोड ३९ लाख रुपैयाँ बराबर विनियोजन भएकामा हालसम्म ७ खर्ब १६ अर्ब ३४ करोड ६३ लाख रुपैयाँ बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ।

वित्तीय व्यवस्थातर्फ कुल विनियोजित बजेटको ३८.९१ प्रतिशत बजेट खर्च भएको छ। यस शीर्षकमा १ खर्ब ८९ अर्ब ४३ करोड रुपैयाँ बराबर विनियोजन भएकामा ७३ अर्ब ७१ करोड ३७ लाख रुपैयाँ बराबर खर्च भएको देखिएको हो।

साढे ८ खर्ब उठ्यो राजश्व

सरकारले चालु आर्थिक वर्ष २०७८/०८९ को दश महिनाको अवधिमा लक्ष्य अनुसार राजश्व संकलन गर्न सफल भएको छ। महालेखा नियन्त्रक कार्यालयको बुधबारसम्मको तथ्यांक अनुसार सरकारले चालु आवको दश महिनामा लक्ष्यको ७३ दशमलव १७ प्रतिशत राजश्व संकलन गर्न सफल भएको हो। सरकारले चालु आवमा ११ खर्ब ८० अर्ब ६० करोड रुपैयाँ बराबरको राजश्व संकलनको लक्ष्य राखेकोमा हालसम्म ८ खर्ब ६३ अर्ब ८३ करोड १५ लाख रुपैयाँ बराबरको राजश्व संकलन भएको छ।

दश महिनाको अवधिमा सरकारले संकलन गरेको राजश्वमध्ये कर राजश्वतर्फ ७ खर्ब ९८ अर्ब १८ करोड २५ लाख रुपैयाँ बराबर उठाएको छ। जुन लक्ष्यको ७४.७४ प्रतिशत बराबर हो। सरकारले चालु आवमा १० खर्ब ६७ अर्ब ९६ करोड २५ लाख रुपैयाँ बराबर कर संकलन गर्ने लक्ष्य राखेको छ। यस्तै, गैर कर राजश्वतर्फ ६५ अर्ब ६४ करोड ९० लाख रुपैयाँ संकलन भएको छ। जुन लक्ष्यको ५८.२८ प्रतिशत हो। सरकारले चालु आवमा १ खर्ब १२ अर्ब ६३ करोड ७९ लाख रुपैयाँ बराबर लक्ष्य रहेको छ। त्यस्तै वैदेशिक अनुदानतर्फ वार्षिक लक्ष्यको २३.१७ प्रतिशत अर्थात् १३ अर्ब ८८ करोड ३३ लाख रुपैयाँ सरकारले उठाएको छ। चालु आवमा सरकारले अनुदानतर्फ ५९ अर्ब ९१ करोड ९९ लाख रुपैयाँ संकलन गर्ने लक्ष्य राखेको छ।

# उद्योगी व्यवसायीहरुको मतदान



**काठमाडौं/रासस –** लोकतन्त्रको अति उत्तम अभ्यास गर्ने प्रक्रियाको रुपमा रहेको निर्वाचनमा समाजमा सबै वर्ग तथा क्षेत्रले सक्रिय सहभागिता जनाएका छन्। देशभर वैशाख ३० गते शुक्रबार स्थानीय तहको निर्वाचन सम्पन्न भएको हो। निर्वाचनमा सक्रिय सहभागिता जनाउनका लागि निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघले देशभरका उद्योग प्रतिष्ठानमा बिदा नै दिएको थियो। यस्तै, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्सले पनि सक्रिय सहभागिता जनाउन आग्रह गरेको थियो।

संविधान घोषणापछि दोस्रो पटक हुनलागेको निर्वाचनमा सक्रिय सहभागिता जनाउनु र सहभागीता जनाउनु सबै नागरिकको कर्तव्य रहेको भन्दै व्यावसायीक संघसंस्थाले सार्वजनिकरुपमा नै आह्वान गरेका थिए। यसै क्रममा बैंकर, व्यवसायी तथा उद्योगीले पनि सक्रियताका साथ सहभागी भएका हुन्। निर्वाचनमा उद्योगी व्यवसायीदेखि बैंकर सहभागी भएको तस्विर सार्वजनिक गरेका छन्। लोकतन्त्रमा आफ्ना प्रतिनिधि छान्ने अधिकार भएको भन्दै व्यवसायीले अन्य नागरिकलाई पनि मतदान गर्न आग्रह गरेका थिए।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छा, वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल, बैंकर अनिल केशरी शाहले सक्रियताका साथ मतदान गरेका छन्। उद्योगी तथा नेपाली कांग्रेसका सांसद बिनोद चौधरीले नवलपुरको देवचुली नगरपालिका-२ को दिव्य युवा समाज भटक मतदान केन्द्रबाट मतदान गरेका थिए। महासंघका अध्यक्ष शेखर गोल्छाले पनि काठमाडौंको सितापाइला स्कुलबाट मतदान गरेका थिए। अध्यक्ष गोल्छाले मतदानपछि सामाजिक सञ्जाल ट्वीटरमा लेखेका छन् 'मलाई मेरो संविधानले दिएको सबैभन्दा ठूलो शक्ति।'

महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकालले पनि काठमाडौंको विशालनगरमा रहेको मतदान केन्द्रमा मतदान गरेका छन्। आइएमई समूहका अध्यक्षसमेत रहेका ढकालले अन्य मतदातासमेतलाई सक्रियताका साथ मतदानमा भाग लिन आग्रह गरेका थिए। नेपाल उद्योग वाणिज्य महासंघकै पूर्वअध्यक्ष पशुपति मुरारकाले काठमाडौंको थापाथलीको गुहेश्वरी माविबाट मतदान गरेका थिए। उनले मतदानपछि सामाजिक सञ्जालमा लेखेका छन् 'भोट हालियो, आशा गरौं हाम्रो एक एक भोटले काठमाडौंको मुहार फेरिने छ।' नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत शाहले काठमाडौं महानगरपालिका-१ नारायणी हिटी दरबार मतदान केन्द्रबाट आफ्नो अधिकारको प्रयोग गरे। उनले मतदानपछि लेखेका छन्, 'मैले भोट गरें, के तपाईंले गर्नुभयो ? यदि छैन भने कृपया आफ्नो मतदान केन्द्रमा जानुहोस् र गरिहालनुस्।' यस्तै, आइएमई समूहका प्रबन्धनिर्देशक हेमराज ढकालले काठमाडौंको विशालनगरमा रहेको मतदान केन्द्रमा मतदान गरेका थिए। अन्य व्यवसायीले पनि आफ्नो पायक पर्ने स्थानमा पुगेर मतदान गरेका छन्। शहरी क्षेत्रका व्यवसायी तथा उद्योगीले आज आफ्नो व्यवसाय तथा उदोग धन्दा नै बन्द गरेर सक्रियताका साथ मतदानमा सहभागिता जनाएका छन्।

### उद्योगी व्यवसायीहरुद्वारा निर्वाचन पर्यवेक्षण

यसैबीच नेपाल उद्योग वाणिज्य महासंघसहति उद्योगी व्यवसायीहरुको टोलीले काठमाडौं, ललितपुर र भक्तपुरका विभिन्न मतदान केन्द्रको निर्वाचन पर्यवेक्षण गरेको छ। त्यस क्रममा निर्वाचनको तयारी तथा मतदान प्रक्रिया व्यवस्थित रहेको र नागरिकहरु मतदानका लागि निकै उत्साहित रहेको आफूहरुले पाएको वरिष्ठ उपाध्यक्ष ढकालले जानकारी दिए।

# एफवान सफ्टका अध्यक्ष ढकाल विश्व प्रविधि जगतका सय चेञ्जमेकरको सूचीमा



**काठमाडौं/मस –** एफवान सफ्ट ग्रुपका अध्यक्ष विश्वास ढकाल विश्व प्रविधि जगतका सय चेञ्जमेकरको सूचीमा परेका छन। ढकाल ग्लोबल टेक चेञ्जरहरूको 'रेष्ट अर्फ वर्ल्ड'को सय जनाको सूचीमा पर्न सफल भएका हुन्। विश्वमा प्रविधिको क्षेत्रमा काम गर्ने नवीन खोजकर्ता, नेतृत्वकर्ता, संस्थापक, लगानीकर्ता र नवप्रवर्तन गतिविधि गर्ने पश्चिमा देशबाहेकका सय जनालाई यो सूचीमा समावेश गरिन्छ।

ढकालले सामूहिक रूपमा कसरी उत्पादन बनाइन्छ र वितरण गरिन्छ ? कसरी उद्यमीहरूलाई लगानी गरिन्छ र कसरी प्राविधिक प्रयोगकर्तालाई उनीहरूको स्थानीय बजारभन्दा टाढा सुरक्षित गरिन्छ भन्ने कुरामा ठूलो प्रभाव पारेको रेष्ट अफ वर्ल्डको सम्पादकीय टिमले जनाएको छ। 'रेष्ट अफ वर्ल्ड'को सूचीमा विश्वव्यापी रूपमा आधारित रिपोर्टहरू र सम्पादकहरूको नेटवर्कद्वारा छनोट गरी समावेश गराइन्छ। टेक्नोलोजी इकोसिस्टमबाट आफ्नो क्षेत्र तथा समुदायमा पारेको प्रभावका आधारमा यस सूचीमा समावेश गरिन्छ।

'रेष्ट अफ वर्ल्ड' सूचीमा विश्वव्यापी पहुँच भएका कार्यकारीहरू, नवप्रवर्तन सक्षम गर्ने लगानीकर्ताहरू, उदीयमान उद्यमीहरू र खुला एवं समतामुलक भविष्यका लागि काम गर्ने व्यक्तिहरूलाई समावेश गरिन्छ। सूचीमा समावेश भएपछि एफ वान सफ्ट ग्रुपका अध्यक्ष ढकालले भने, 'मैले सधैं मेरो देशमा आमुल परिवर्तनको परिकल्पना गरेको छु, जहाँ सबैलाई डिजिटल फाइनान्समार्फत सशक्त बनाइन्छ।' 'रेष्ट अफ वर्ल्ड'ले आफ्नो परिकल्पनालाई पहिचान गरेर सूचीमा समावेश गरेकोमा आभार व्यक्त गर्दै उनले भने, 'म विश्वस्त छु कि यसले सार्थक परिवर्तन ल्याउन सहयोग गर्नेछ।'

यसअघि ढकाल २०१७ मा 'म्यानेजर अफ द इयर'बाट सम्मानित भईसकेका छन्

f1soft

भने अमेरिकी राज्य विभागले इन्टरनेशनल भिजिटर लिडरसिप प्रोग्राम र ग्लोबल उद्यमी समिट २०१६ मा नेपालबाट चयन पनि भईसकेका छन्। 'रेष्ट अफ वर्ल्ड' सूचीले स्थानीय नवप्रवर्तन र विश्वव्यापी प्रचलनहरू, तिनीहरूका प्रभावहरूबिचको बिन्दुहरू जोड्ने विश्वको बाँकी लक्ष्यलाई प्रतिबिम्बित गर्दछ। विश्वका विभिन्न क्षेत्रमा बस्ने र काम गर्ने पत्रकारहरूसँग साझेदारी गर्दै रेष्ट अफ वर्ल्डले विगत दुई वर्षमा ९० भन्दा धेरै देशबाट ७ सय ५० भन्दा धेरै प्रकाशनहरु प्रकाशित गरिसकेको छ।

रेष्ट अफ वर्ल्डका कार्यकारी सम्पादक अनुप काफ्लेले भने, 'अहिले सबैभन्दा रोमाञ्चक र नविन आविष्कार पश्चिमा देश बाहिर भइरहेको छ।' 'जुनसुकै क्षेत्रमा पनि उद्यमी बन्न गाह्रो छ। तर उदीयमान अर्थतन्त्रहरुमा केही कुरा निर्माण गर्दा वित्तीय एवं राजनीतिक चुनौती भएपनि ती शक्तिहरुले हिरा बनाउँछन्' उनि भन्छन, 'हामी विश्वास गर्छौं कि हाम्रो टोलीले रेष्ट अफ वर्ल्डको सूचीका लागि चयन गरेका नेतृत्वहरु छिटो, थप नविन, अधिक विचारशील र नयाँ विचारहरु निर्माण गर्न अग्रसर छन्।'

रेष्ट अफ वर्ल्डले यही मे १२ मा विश्वव्यापी भर्चुअल प्यानल श्रृंखला घोषणा गर्दैछ। २४ घण्टाभित्र विश्वभर फैलिएका तीनवटा छुट्टाछुट्टै प्यानलका सदस्यहरुले प्रभावशाली रोस्टर प्रस्तुत गर्नेछन् र एउटै विषयवस्तुमा छलफल गर्नेछन्, 'के कतै अब स्थानीय छ ?' यो कार्यक्रमको प्रत्यक्ष प्रसारण गरिनेछ। विश्वास ढकाल एक टेक उद्यमी, आविष्कारक र गतिशिल लगानीकर्ता हुन। एफवान सफ्ट ग्रुपको अध्यक्ष उनि एक उद्यमी बन्ने चाहनाले उत्प्रेरित भएर टेक्नोजोजीप्रति लगाव राखेकै कारण एक उल्लेखनीय यात्रामा छन्।

जुन नेपालका युवाहरुको लागि प्रेरणा हो। विश्वास ढकाल र उनका साथीहरुले एफवान सफ्टमा विकास गरेका फिनटेक समाधानहरु देशका हरेक कुनामा पुगेका छन् र आज डेढ करोड भन्दा धेरै मानिसलाई सेवा प्रदान भइरहेको छ। एफवान सफ्ट ग्रुपमा एफवान सफ्ट इन्टरनेशनल, इसेवा, फोनपे, इसेवा मनी ट्रान्सफर, एक्स्टेन्सो डाटा जस्ता धेरै नविन कम्पनीहरु समावेश छन्। उहाँले आफ्नो व्यवसायलाई विश्वभर विस्तार गर्ने योजना पनि बनाएका छन। रेष्ट अफ वर्ल्ड एक अन्तर्राष्ट्रिय पत्रकारिता गर्ने संस्था हो, जुन पश्चिमी क्षेत्रभन्दा बाहिर अर्थात् अमेरिका र पश्चिमी युरोपबाहिर प्रविधि क्षेत्रमा भएका नवीन समाचार तथा समाचार मुलक कथाहरू समेटेर प्रकाशन गर्न समर्पित छ। यसमा कम्पनी, संस्थापकहरु, राजनीतिज्ञलगायतका स्टोरी, प्रोफाइल तथा समाचारमुलक लेखहरू प्रकाशित हुन्छन्।

# इसेवा मनि ट्रान्सफर तेस्रो वर्षमा प्रवेश




**काठमाडौं/मस –** इसेवा मनि ट्रान्सफर दुई वर्ष पुरा गरि तेस्रो वर्षमा प्रवेश गरेको छ। फिन टेक कम्पनी एफवान सफ्ट ग्रुप अन्तर्गत स्थापना भएर संचालनमा आएको डिजिटल रेमिट्यान्स कम्पनी इसेवा मनी ट्रान्सफर तेस्रो वर्षमा प्रवेश गरेको हो। कम्पनीले हाल संसारका २०० भन्दा धेरै देशका ३० भन्दा बढी अन्तर्राष्ट्रिय रेमिट्यान्स साझेदारको सहायतामा नेपालमा रेमिट्यान्स भित्र्याउँदै आएको छ।

कम्पनीले ६० भन्दा बढी बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय गर्दै तुरुन्तै ग्राहकको खातामा रेमिट्यान्स भित्राउँदै आएको छ। डिजिटल प्रविधिबाट रेमिट्यान्स पठाउन मिल्ने भएकाले इसेवा मनी ट्रान्सफरमार्फत रेमिट्यान्स पठाउँदा सेवाग्राहीले कम शुल्कमै रेमिट्यान्स् पठाउन पाएका छन्। त्यस्तै, यस कम्पनीले आफ्ना एजेण्ट नेटवर्कलाई पनि व्यापक मात्रामा वृद्धि गर्दै देशका हरेक गाउँ अनि शहरसम्म आफ्नो सेवा विस्तार गरिसकेको छ। हाल, यस कम्पनीका मुलुकभर १८ हजार भन्दा धेरै संख्यामा एजेण्ट नेटवर्क रहेका छन्।

इसेवा मनि ट्रान्सफर मार्फत ग्राहकहरुले विदेशबाट आएको रकम तुरुन्तै पाउन तथा आन्तरिक रेमिट्यान्सको सेवा उपयोग गर्दै कम शुल्कमा देशभरी रेमिट्यान्स पठाउन सक्छन्। यति मात्र नभएर देशका हरेक क्षेत्रमा रहेका इसेवाका एक लाख भन्दा धेरै एजेण्ट नेटवर्क तथा क्यास पोइन्ट मार्फत पनि सेवाग्राहीले इसेवा मनी ट्रान्सफरको रेमिट्यान्स सेवा प्राप्त गरिरहेका छन्। साथै, इसेवा मनी ट्रान्सफरले रेमिट्यान्स पठाउने तथा पाउने दुबै पक्षलाई लक्षित् गर्दै आकर्षक क्यासब्याक अफरहरु सञ्चालन गर्दै आएको छ।

# 'साउदी आरामको' बन्यो विश्वको सबैभन्दा मूल्यवान् कम्पनी



**काठमाडौं/एजेन्सी –** साउदी अरबको तेल कम्पनी 'साउदी आरामको' विश्वको सबैभन्दा मूल्यवान् कम्पनी बनेको छ। अमेरिकी प्रविधि कम्पनी एप्पललाई उछिन्दै 'साउदी क्राउन'को लगानी रहेको साउदी आरामको विश्वकै मूल्यवान् कम्पनी बनेको हो। रुस-युक्रेन युद्धको प्रभावका कारण विश्वभरमा आएको पेट्रोलियम पदार्थको मूल्यवृद्धिका कारणले साउदी आरामकोलाई फाइदा भएको छ। विश्वभर कच्चा तेलको मूल्यमा उच्च वृद्धि आउँदा त्यसको प्रत्यक्ष फाइदा साउदी आरामकोले उठाएको हो।

अमेरिकी समाचार संस्था सीएनएनका अनुसार हाल अमेरिकी प्रविधि कम्पनी एप्पलको बजार मूल्य २.३७ ट्रिलियन अमेरिकी डलर छ। जबकि, साउदी अरबको तेल कम्पनीको बजार मूल्य २.४३ ट्रिलियन अमेरिकी डलर पुगेको छ। यसअघि, यस वर्षको सुरूमा एप्पलको बजार मूल्य ३ ट्रिलियन डलर पुगेको थियो। बजार मूल्य ३ ट्रिलियन डलर पुगेसँगै एप्पल धर्तीको सबैभन्दा धनी र उक्त सफलता हासिल गर्ने सबैभन्दा पहिलो कम्पनी बनेको थियो। तर, विस्तरै सेयर मूल्य घट्दा कम्पनीको बजार मूल्य घटेर २.३७ ट्रिलियन डलरमा आइपुगेको छ।

साउदी अरबको तेल उत्खनन र बिक्रेता कम्पनी साउदी आरामको सन् २०१९ मा २ ट्रिलियन बजार मूल्य भएको कम्पनीको बनेको थियो। तर, पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा खनिज तेलको मूल्यमा आएको मूल्यवृद्धिले कम्पनीलाई विश्वकै सबैभन्दा उच्च मूल्यवान् कम्पनीको दर्जा दिएको छ। रुसले छिमेकी मुलुक युक्रेनमा आक्रमण गरेपछि विश्वभर पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या उत्पन्न भएको थियो। यससँगै विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्य निरन्तर उकालो लागिरहेको छ। रुसले युक्रेनमाथि हमला गर्नुअघि प्रतिब्यारेल ९० अमेरिकी डलरभन्दा न्यून रहेको कच्चा तेलको मूल्य अहिले १०६ अमेरिकी डलरभन्दा माथि छ। जसको प्रत्यक्ष फाइदा साउदी आरामकोलाई पुगेको छ। साउदी आरामको विश्वको सबैभन्दा ठुलो तेल उत्खनन र बिक्रेता कम्पनी हो। साउदी अरबको 'पब्लिक इन्भेस्टमेन्ट फण्ड' (पीआईएफ)को लगानी रहेको छ।



# मेस्सी सबैभन्दा धेरै कमाउने खेलाडी

लियोनल मेस्सी विश्वकै सबैभन्दा धेरै कमाउने खेलाडी बनेका छन् । फोर्बसले बुधबार सार्वजनिक गरेको सूचीअनुसार पेरिस सेन्ट जर्मेन (पीएसजी)का फरवार्ड मेस्सीले एनबीएका लेबर्न जेम्स र म्यानचेस्टर युनाइटेडका क्रिष्टियानो रोनाल्डोलाई पछि पारेका हुन् ।

अर्जेन्टिनाका कप्तान मेस्सीले १ मे २०२२ सम्मको १२ महिनामा १३ करोड अमेरिकी डलर कमाएका छन् । त्यसमा मेस्सीले ५ करोड ५० लाख अमेरिकी डलर 'इन्डोर्समेन्ट'बाट कमाएका हुन् । २०२१ मा लियोनल मेस्सी दोस्रो स्थानमा थिए । त्यतिबेला कोनोर म्याग्रेगर शीर्ष स्थानमा थिए ।

एनबीएमा लस एन्जल्स लिकर्सका फरवार्ड जेम्सले १२ करोड १२ लाख अमेरिकी डलर कमाएका छन् । उनले खेलबाट ४ करोड १२ लाख अमेरिकी डलर कमाएका छन् भने मैदानबाहिर ८ करोड अमेरिकी डलर कमाएका छन् । उनी गत वर्ष पाँचौं स्थानमा थिए । उनले गत वर्ष ९ करोड ६५ लाख अमेरिकी डलर कमाएका थिए ।

तेस्रो स्थानमा रहन सफल पोर्चुगलका फरवार्ड रोनाल्डोले ११ करोड ५० लाख अमेरिकी डलर कमाएका छन् । रोनाल्डो अघिल्लो वर्ष पनि तेस्रो स्थानमै थिए । रोनाल्डोले मैदानबाहिरबाट ५ करोड ५० लाख अमेरिकी डलर कमाएका छन् । यसवर्ष रोनाल्डोको आम्दानी घटेको छ । उनले २०२१ मा १२ करोड कमाएका थिए ।

धेरै कमाउने खेलाडीमा पीएसजीकै फरवार्ड नेइमार चौथो स्थानमा छन् । ब्राजिलका नेइमारले ९ करोड ५० लाख अमेरिकी डलर कमाएका छन् । नेइमार गत वर्ष छैटौं स्थानमा थिए । नेइमारले गत वर्ष पनि ९ करोड ५० लाख अमेरिकी डलर नै कमाएका थिए ।

तीन पटकको एनबीए च्याम्पियन स्टेफन करी पाँचौं स्थानमा छन् । गोल्डेन स्टेट वारियर्सका करीले ९ करोड २८ लाख अमेरिकी डलर कमाएका छन् । एनबीएकै अर्का खेलाडी केभिन डुरान्ट छैटौं स्थानमा छन् । उनले ९ करोड २० लाख अमेरिकी डलर कमाएका थिए । टेनिस खेलाडी रोजर फेडेरर सातौं स्थानमा छन् । फेडेररले ९ करोड सात लाख अमेरिकी डलर कमाएका छन् । फेडेरर गत वर्ष पनि सातौं स्थानमै थिए । उनको कमाई गतवर्षको भन्दा ७ लाख अमेरिकी डलरले बढेको छ ।

मेक्सिकोका बक्सर कानेलो अल्भारेज आठौं स्थानमा छन् । अल्भारेजले ९ करोड अमेरिकी डलर कमाएका छन् । सात पटकका सुपर बल च्याम्पियन बेस बल खेलाडी टम ब्राडी नवौं र एनबीएका खेलाडी जियानिस आतेतोकुम्बो दशौं स्थानमा छन् । ४४ वर्षे ब्राडीले ८ करोड ३९ लाख अमेरिकी डलर कमाएका छन् । आतेतोकुम्बोले ८ करोड ९ लाख अमेरिकी डलर कमाएका थिए ।

# सिटीको मैदानमा अग्युरोको सालिक



काठमाडौं/एजेन्सी- प्रिमियर लिग क्लब म्यानचेस्टर सिटीले आफ्ना पूर्व खेलाडी सर्जियो अग्युरोको प्रतिमा आफ्नो रंगशालाबाहिर राखेको छ । सन् २०१२ मा प्रिमियर लिगको उपाधि जितेको १० बर्ष पुगेको उपलक्ष्यमा सिटीले अग्युरोको प्रतिमा इतिहाद रंगशाला बाहिर राखेको छ ।


सिटीले ट्विटरमा तस्विर राखेर अग्युरोको प्रतिमा रोखेको जनाएको छ । २०१२ मा क्विन्स पार्क रेञ्जर्सलाई तीन दुईले हराउँदा सिटीका लागि अग्युरोले गोल गरेका थिए । जुन सिटीका लागि ऐतिहासिक प्रिमियर लिगको उपाधि थियो ।

सिटीका पूर्व खेलाडी अग्युरोको प्रतिमा सार्वजनिक गर्ने बेला पूर्व कप्तान भिनसेन्ट कोम्पनी, याया टोउरे र जोय हार्टपनि सहभागि थिए । अग्युरो सिटीका लागि सर्वाधिक गोल गर्ने खेलाडीमा पर्छन । उनले क्लबका लागि दुई सय ६० गोल गरेका थिए ।

अग्युरो एक सिजन अगाडी मात्र सिटी बाट बार्सिलोनामा अनुबन्ध भएका थिए । तर मुटुको समस्याका कारण उनले अचानक खेलाडी जीवनबाट सन्यास लिनुपरेको थियो ।

# प्लेयर अफ द सिजनका मनोनयन सार्वजनिक





काठमाडौं/एजेन्सी- इंग्लिस प्रिमियर लिग फुटबलको 'प्लेयर अफ द सिजन' अवार्डको मनोनयन सार्वजनिक भएको छ । प्रिमियर लिगले शुक्रबार मनोनयनमा पर्ने ८ खेलाडीको सूची सार्वजनिक गरेको हो । मनोनयनमा म्यानचेस्टर सिटीका केभिन डे ब्रुएन, लिभरपुलका मोहमद सलाह, टोटेनहमका सन ह्युङ मिन अटाएका छन् । त्यस्तै सिटीका जोआ कान्सेलो, लिभरपुलका ट्रेन्ट आर्नोल्ड, आर्सनलका बुकायो साका,वेस्ट ह्यामका जारोड बोवेन र साउथह्याम्पटनका जेम्स वार्ड मनोनयनमा परेका छन् ।

यो सिजनमा माने र रोनाल्डोले ब्यक्तिगत रुपमा आफ्नो क्लबबाट राम्रो गरेपनि यो सूचीमा अटाउन सकेनन् । मानेले लिभरपुलका लागि ३३ खेलमा १५ गोल गरेका थिए । यस्तै रोनाल्डोले ३० खेलमा १८ गोल गरेका छन ।

यो अवार्ड यसअघि सलाह र डी ब्रुएनले एक एक पटक जितिसकेका छन् । त्यसैले दुबै खेलाडी दोस्रो पटक अवार्ड जित्ने योजनामा छ । डी ब्रुएनले दुई बर्ष अगाडी यो अवार्ड जितेका थिए भने सलाहले २०१८ मा जितेका थिए । डी ब्रुएनले यो सिजनमा १५ गोल गरेका छन । जसमा सात एसिस्ट पनि रहेका छन् । सलाहले यो सिजनमा ३४ खेलमा २२ गोल र १३ एसिस्ट गरेका छन ।

विजेता पब्लिक भोट, प्रिमियर लिग क्लबका कप्तान र फुटबल एक्स्पर्ट प्यानलको भोटबाट चुनिने छन् । म्यानेजर अफ द सिजनको मनोनयनमा पेप ग्वार्डीओला, योर्गेन क्लोप, एड्डी होवे, प्याट्रिक भिएरा र थोमस फ्रान्क परेका छन् ।

ब्रेन्टफोर्डका थोमसले यो सिजनमा ३६ खेलमा १२ जितर, १७ हार र सात बराबरीको नतिजा हात पारेका छन । प्रिमियर लिगमा यो सिजनमा १३ औं स्थानमा रहेको ब्रेन्टफोर्डको प्रशिक्षक थोमसको खेलाउने शैली प्रभावशाली रहेको छ ।

यस्तै मनोनयनमा परेका अर्को प्रशिक्षक हुन, पेप ग्वार्डियोला, उनको प्रशिक्षणमा सिटीले ३६ खेलमा २८ जित, पाँच बराबरी र तीन खेलमा हार ब्यहोरेको छ । उनी यो पटक यो उपाधि जितेको खण्डमा पछिल्ला पाँच सिजनमा चौथो पटक हुनेछ ।

न्यूक्यासलका प्रशिक्षक इडीले टिमलाई सम्हाल्नु अगाडी न्युक्यासलले १४ खेलसम्म एक जितपनि निकाल्न सकेको थिएन । उसको त्यो बेला मात्र पाँच अंक थियो र रेलिगेसन जोनमा थियो । तर नोभेम्बरमा उनले टिमलाई सम्हालेपनि न्यूक्यासल यतिबेला १४ औं स्थानमा छ । जसमा यो टिम लगातार नौं खेलमा अपराजित रहेको छ । सिजनको उत्कृष्ट खेलाडी हुने होडमा रहेका अर्का प्रशिक्षक हुन योर्गेन क्लोप । क्लोपले यो सिजनमा लिभरपुललाई तीन वटा उपाधि दिलाउने संभावना छ । यदि त्यसो भएको खण्डमा एकै सिजनमा तीन पटक उपाधि जित्ने लिभरपुल पहिलो प्रिमियर क्लब बन्नेछ ।

क्लोपको प्रशिक्षणमा लिभरपुलले यो सिजनमा अहिलेसम्म ३६ खेलमा २६ जित, आठ बराबरी र मात्र दुई खेलमा हार ब्यहोरेको छ । उसले ८९ गोल गर्दा २४ गोल खाएको छ । यस्तै मनोनयनमा पर्ने अर्का प्रशिक्षक हुन प्याट्रिक भिएरा । प्रिमियर लिगमा पहिलो पटक प्रशिक्षकका रुपमा अनुबन्ध भएका भिएराले क्रिस्टल प्यालेसलाई रेलिगेसन जोनबाट निकालेर लिगको मध्यक्रममा ल्याएका छन । उनले क्लब सम्हालेपनि खेल्ने शैलीमा नै परिवर्तन गरेका छन् भने खेलाडीको आत्मबललाईपनि बलियो बनाएका छन् ।

# रियलको फराकिलो जित



काठमाडौं/एजेन्सी- यसअघि उपाधि पक्का गरिसकेको रियाल मड्रिडसँग बिहीबार राति ६-० ले पराजित भएपछि लेभान्टे स्पेनिस ला लिगाबाट रेलिगेशनमा परेको छ । रियालको फराकिलो जितमा भिनिसियस जुनियरले ह्याट्रिक गरेका थिए ।

पुछारमा रहेको लेभान्टेलाई रेलिगेशनबाट जोगिने आशा कामय राख्नका लागि कम्तिमा एक अंक जोड्नु आवश्याक थियो । तर, फराकिलो अन्तरमा पराजित भएपछि लेभान्टे दुई खेल अगावे रेलिगेशनमा परेको हो । लेभान्टेले २९ अंक जोडेको छ । रेलिगेशनभन्दा माथि रहेको कार्डिजले ३५ अंक जोडेको छ ।

रियालले घरेलु मैदानमा फर्लान्ड मेन्डीको गोलबाट १३औं मिनेटमा अग्रता लिएको थियो । १९औं मिनेटमा करिम बेन्जेमाले अग्रता दोब्बर बनाए । ३४औं मिनेटमा रोड्रिगोले तेस्रो गोल थपे । पहिलो हाफको अन्तिम मिनेटमा व्यक्तिगत पहिलो गोल गरेका जुनियरले ८३औं मिनेटमा ह्याट्रिक गरेका थिए । जुनियरले दोस्रो गोल ६८औं मिनेटमा गरेका थिए ।

रियाल मड्रिडले यसअघि नै ला लिगाको उपाधि जितिसकेको छ । रियालले अब लिगमा कार्डिज र रियाल बेटिसविरुद्ध खेल्न बाँकी छ । रियालले च्याम्पियन्स लिगको उपाधिका लागि लिभरपुलसँग २८ मेमा प्रतिस्पर्धा गर्नेछ ।

# कमिन्सले आईपीएलको बाँकी खेल गुमाउने



काठमाडौं/एजेन्सी- कोलकत्ता नाइट राइडर्सका फास्ट बलर प्याट कमिन्सले इन्डियन प्रिमियर लिग (आईपीएल) को बाँकी खेल गुमाउने भएका छन् । अष्ट्रेलियाका टेस्ट कप्तान कमिन्सले चोटको कारण आईपीएलको बाँकी खेल गुमाउने भएका हुन् ।

कमिन्सको हिप इन्जुरी भएको बताइएको छ । कोलकत्ताले उनको स्थानमा खेल्ने खेलाडी सार्वजनिक गरेको छैन । कमिन्स श्रीलंकाविरुद्धको टी-ट्वान्टी सिरिजका लागि समेत टिममा छैनन् ।टेस्ट र एकदिवसीयमा भने उनी टिममा रहेका छन् । अष्ट्रेलियाले जुनमा श्रीलंकाको भ्रमण गर्नेछ । भ्रमण दौरान अष्ट्रेलिया र श्रीलंकाबीच तीन खेलको टी-ट्वान्टी र पाँच खेलको एकदिवसीय सिरिज हुनेछ ।

# आर्सनल टोटनहमसाग पराजित



काठमाडौं/एजेन्सी- ह्यारी केनको दुई गोल गरेको खेलमा टोटनहमले बिहीबार राति आर्सनललाई ३-० ले पराजित गरेको छ । घरेलु मैदानमा हासिल गरेको जितसँगै टोटनहमले इंग्लिस प्रिमियर लिगको शीर्ष चारमा रहेर च्याम्पियन्स लिग खेल्ने सम्भावना बलियो बनाएको छ ।


केनले पेनाल्टीमा गोलबाट टोटनहमले २२औं मिनेटमा अग्रता लिएको थियो । केनले ३७औं मिनेटमा अग्रता दोब्बर बनाएका थिए । त्यसअघि ३३औं मिनेटमा रब होल्डिङले दोस्रो पहेँलो कार्डको सामना गरेपछि आर्सनल १० खेलाडीमा सीमित बनेको थियो । दोस्रो हाफको सुरुमै सन ह्युङ-मिनले अर्को गोल थपेपछि टोटनहमले सहज जित दर्ता गरेको हो ।

आर्सनलका प्रशिक्षक माइकल आर्टेटाले रेफ्रीको निर्णयबाट क्रुद्ध बनेका थिए, विशेषगरी पेनाल्टी र रातोकार्डको निर्णयमा । 'मेरो मनमा लागेका कुरा यहाँ भन्ने हो भने म कम्तीमा ६ महिनाका लागि निलम्बनमा पर्छु,' आर्टेटाले भने । जितपछि टोटनहमले चौथो स्थानको आर्सनलसँगको दूरी एक अंकमा छोट्याएको छ । लिगमा ६ अंकको खेल बाँकी हुँदा आर्सनलले ६६ अंक जोडेको छ भने टोटनहमको ६५ अंक छ । आर्सनलले अब न्युक्यासल युनाइटेड र एभर्टनविरुद्ध खेल्न बाँकी छ । टोटनहमले भने बर्नली र नर्विच सिटीसँग खेल्न बाँकी छ । नर्विच सिटी रेलिगेसनमा परेको टिम हो भने बर्नली र एभर्टन रेलिगेसनबाट जोगिन संघर्ष गरिरहेको छ ।

'यस्तो प्रकारको खेल सजिलो हुँदैन । यो जित्नैपर्ने खेल थियो । यस्तो खेल सहज हुँदैन,' टोटनहमका प्रशिक्षक एन्टोनियो कोन्टेले भने, 'आज हामीलाई जितको विकल्प थिएन । हामी खेलमा केन्द्रित भयो । सही समयमा सही निर्णय लिन सफल भयौं ।'

# बक्स अफिस समाचार







# कलाकारहरुले उत्सहापूर्वक गरे मतदान

**काठमाडौं/मस–** शुक्रबार भएको स्थानीय निकायको निर्वाचनमा कलाकारले पनि सक्रियताका साथ सहभागी जनाएका छन् । ५ वर्षपछि भएको निर्वाचनमा मह जोडीदेखि आँचल शर्मासम्मले भोट हाले ।

गत निर्वाचनमा भन्दा यो सालको स्थानीय निर्वाचनमा नेपाली कलाकारको चासो बढी रह्यो । काठमाडौंमा गायन क्षेत्रको प्रतिनिधित्व गर्दै बालेन शाहले स्वतन्त्र उम्मेदवार दिएपछि कलाकार उनको पक्षमा खुलेर लागे । सञ्चिता लुइँटेल, ऋचा शर्मा, स्वस्तिमा खड्का, निश्चल बस्नेत आदिले दिनदिनै बालेनको पक्षमा भोट अपिल गरेका थिए ।

'लो प्रोफाइल'मा रहने स्थानीय निर्वाचनमा कलाकारको पार्टी प्रवेशले पनि कलाकारलाई चुनाव लागेको संकेत गर्यो । चुनावको मुखमा करिष्मा मानन्धर एमाले प्रवेश गरिन् भने भुवन केसी, श्वेता खड्का कांग्रेस प्रवेश गरे ।

पार्टी प्रवेशपछि आफ्नो पार्टीलाई जिताउन उनीहरूले दौडधुप पनि गरेको देखियो । राप्रपाकी केन्द्रीय सदस्य रेखा थापा राप्रपाको पक्षमा माहोल बनाउन पूर्वदेखि पश्चिमसम्म पुगिन् भने करिष्मा पनि केपी शर्मा ओलीसँगै धेरै ठाउँ गएकी थिइन् । यसैगरि चुनावको मुखमा कांग्रेस प्रवेश गरेका भुवन केसी पनि 'म नेपाली बाबु' भन्दै केही ठाउँका मतदातालाई रिझाउन गए ।

अभिनेता तथा फिल्म निर्माता दीपकराज गिरीले चन्द्रगिरी नगरपालिका-१ दहचोकबाट मतदान गरेका छन् । उनले ५ बज्न पाँच मिनेट बाँकी छँदा उक्त मतदान केन्द्रबाट अन्तिम समयमा मत खसालेका हुन् । आफुले विगतदेखि नै अन्तिम समयमा मात्र भोट हाल्दै आएको बताउँदै उनले थपे, 'सबै दाजुभाइलाई पालो दिएर मात्र भोट हाल्ने गरेको छु ।'

कलाकारहरुले चाँडै भोट हाल्छन् र लाखापाखा लाग्छ भन्ने नहोस् भन्नका खातिर पनि आफु अन्तिम समयमा भोट हाल्न आएको उनले बताए । उनले भने, 'यतातिर साथीभाईहरु भन्ने गर्छन्, दीपकराज दाईले भोट हालेपछि मतदान प्रक्रिया पुरा हुन्छ ।'

यस्तै अभिनेत्री रेखा थापाले चुनाव जितिसकेपछि जनतासामु नाकमुख नै नदेखाउने नेताहरुको प्रवृत्तिको अन्त्य गर्नुपर्ने बताएकी छन् । चावहिलस्थित पशुपति बहुमुखी क्याम्पसको केन्द्रबाट मतदान गरेपछि अनलाइखबर कुरा गर्दै उनले यसपटकको चुनावमा नागरिकले आफ्नो विवेकलाई सही ढंगले प्रयोग गर्नेमा विश्वस्त रहेको बताइन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टीकी केन्द्रीय सदस्य समेत रहेकी रेखाले भनिन्, 'यसपटक जनप्रतिनिधि छान्ने कार्यमा हरेकले बुझेर मतदान गर्नुहुन्छ भन्ने लागेको छ । सही जनप्रतिनिधि छान्ने र उनीहरुले सही काम गर्ने हो भने देशको मुहार फेरिन्छ ।'

त्यस्तै हास्य कलाकार हरिवंश आचार्यले मतदान गरेका छन् । उनले बूढानीलकण्ठबाट मतदान गरेका हुन् । आचार्यले बूढानीलकण्ठ वडा नम्बर ५को वडा कार्यालय बाहिरको मतदान केन्द्रबाट मतदान गरेका हुन् । स्थानीय सरकार भएपछि स्थानीय विकासका कामहरुको सम्बोधन भएको महसुस गरेको उनले स्थानीय निर्वाचनमा मतदान गर्नुपर्नेमा जोड दिन्छन् ।

'मैले के महसुस गरेको छु भने, पहिले स्थानीय निर्वाचन(जनप्रतिनिधहरु) नहुँदा स्थानीय विकासका कामहरु धेरै रोकिने गर्थे । स्थानीय निकायको चुनावपछि देशभरि नै विकासका कामहरु, विशेषगरि गाउँघरतिरका सडकहरु, खानेपानीदेखि धेरै स-साना समस्याहरुको समाधान भएको छ । हामीले राम्रो कामलाई राम्रो पनि भन्नुपर्छ,' कलाकार आचार्य अगाडि थप्छन्, 'सहरमा त्यस्तो विधि परिवर्तन देखिएको छैन । मेरै गाँउ काभ्रे जिल्लामा स्थानीय प्रतिनिधिहरु भएपछि धेरै राम्रो कामहरु भएका छन् ।' स्थानीय जनप्रतिधिलाई टोलको परिवारको संज्ञा दिँदै गाउँटोलमा सानोठूलो जस्तो समस्या भए पनि स्थानीय जनप्रतिनिधसम्म सजिलै पुऱ्याउन सक्ने भएकाले स्थानीय निकायको चुनाव अझै महत्वपूर्ण भएको उनको बुझाइ छ । यस्तै अभिनेत्री करिश्मा मानन्धरले शीतल निवास अगाडि रहेको केन्द्रमा स्थानीय तह निर्वाचनमा मतदान गरेकी छन् । भोट हाल्न उनी पति विनोद र छोरी कवितासँगै त्यहाँ पुगेकी थिइन् ।

स्थायी बसोबास ललितपुर गोदावरीमा भए पनि करिश्माले काठमाडौंको लाजिम्पाटबाट मतदान गर्दै आएकी छन् । आफूले काठमाडौंको मेयरमा एमाले उम्मेदवार केशव स्थापित र उपमेयरकी उम्मेदवार सुनिता डंगोललाई मतदान गरेको उनले बताइन् । 'म एमालेमा नभए पनि स्थापितजीलाई नै भोट हाल्थें' केही महिनाअघि एमाले प्रवेश गरेकी नायिकाले भनिन्, 'छोरी र विनोदजीलाई मैले यसमा हाल्नुस् भनेर भनिनँ ।'

मेयरका स्वतन्त्र उम्मेदवार बालेन शाहको प्रशंसा गर्दै करिश्माले उनी जोशसहितको युवा भएको बताइन् । बालेनजस्तै युवा राजनीतिमा आउनुपर्ने बताउँदै करिश्माले युवालाई राजनीतिमा स्थान दिनुपर्ने पनि बताइन् ।

यस्तै हास्य कलाकार मनोज गजुरेलले मतदान गरेका छन् । उनले भक्तपुरको सूर्यविनायक २ बाट मतदान गरेका हुन् । गजुरेलले मतदान गरेपछि उम्मेदवारलाई सुझाव दिँदै शासक नबन्न आग्रह गरेका छन् । उनले आफूले स्थानीय विकासका लागि मतदान गरेको पनि उल्लेख गरेका छन् । मतदानपछि गजुरेलले भने 'हाम्रो भोट स्थानीयताका लागि, स्थायित्वका लागि, स्थिरताका लागि ।'





# राजेशको इच्छा



**काठमाडौं/मस–** शुक्रवार देशभर भएको स्थानीय तहको निर्वाचनमा अभिनेता राजेश हमाल पनि सहभागी भएका छन् । उनले लैनचौरस्थित कन्या हाईस्कुलको केन्द्रबाट मतदान गरेका छन् । मत खसालेपछि सञ्चारकर्मीहरुसँग संक्षिप्त कुराकानी गर्ने क्रममा हमालले मतदाताको कर्तव्य भोट हाल्नु मात्र नभइ आफूले जिताएको जनप्रतिनिधिले सही काम गरेको छ वा छैन भनेर खबरदारी पनि गर्नुपर्ने बताए ।

स्थानीय तहका पदाधिकारीहरु प्रत्यक्ष जनतासँग पुग्न सक्ने भएकाले आफूले स्थानीय तहलाई महत्वका साथ हेर्ने गरेको उनको भनाइ छ । कलाकारहरु विभिन्न राजनीति दलहरुसँग आबद्ध भएको विषयमा पनि हमालले भनेका छन्, 'म राजनीतिमा गएको व्यक्तिलाई कलाकार या अन्य पृष्टभूमिको भनेर हेर्दिनँ । राजनीतिमा जाने जो कोही व्यक्ति देशको नागरिक हो । यो अधिकार सबैलाई छ ।'

निर्वाचनअघि हमालले आफ्नो एक भ्लगमा 'अब काठमाडौंको मेयरमा उठ्नु पर्छ कि क्या हो' भनेपछि ठूलै तरंग मच्चिएको थियो । पछि उनले आफू मेयरमा उठ्न लागेको कुरामा सत्यता नभएको स्पष्ट पारेका थिए । ५ वर्षपछि हुने निर्वाचनमा भने आफू कुनै भूमिकामा देखिन सक्ने उनले संकेत गरेका छन् । उनले भनेका छन्, 'भविष्यवाणी त नगरौं । तर कुनै भूमिकामा देखिन पनि सक्छु ।'

# डकुमेन्ट्री फिल्म जोगीले जित्यो दुई अवार्ड




**काठमाडौं/मस–** नेपालका विभिन्न स्थानमा अझै फेरि प्रथा छ । साउन, कार्तिक तथा चैत महिनामा जोगी जातका पुरुषहरूले राति घरको वरिपरि घुमि शंख बजाइ फेरी लगाउने गरिन्छ । यसै विषयमा निर्माण भएको दयाराम घिमिरे निर्देशित डकुमेन्ट्री फिल्म 'जोगी : द गड अफ नाइट' ले अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलमा दुई अवार्ड जितेको छ ।

फिल्मले एक साता भित्र भारतको मोख्खो इन्टरनेशनल फिल्म अवार्ड तथा भुटानको डुक इन्टरनेशनल फिल्म अवार्ड हात परेको छ । दक्षिण भारतको पुन्डुचेरीमा आयोजना भएको मोख्खो इन्टरनेशनल फिल्म फेस्टिभलमा यो फिल्म उत्कृष्ट डकुमेन्ट्री सर्ट फिल्म बनेको हो । विश्वभरबाट आएका फिल्महरुलाई पछि पार्दै नेपालबाट गएको यो डकुमेन्ट्री उत्कृष्ट बनेको हो ।

भुटानमा आयोजना हुँदै गरेको डुक इन्टरनेशनल फिल्म फेष्टिभलमा पनि 'जोगी : द गड अफ नाइट'ले आउटस्ट्यान्डिङ अचिभमेन्ट अवार्ड जितेको हो । नेपाली संस्कृति बोकेको वृत्तचित्रले यसरी अवार्ड जित्नु नेपाल र नेपालीहरुको लागी गर्वको कुरा भएको निर्देशक घिमिरे बताए । संखुवासभा र धरानमा छायांकन गरिएको यस वृत्तचित्रमा फेरी लगाउँदै हिँड्ने ओमनाथ जोगीलाई फिचर गरिएको छ भने निर्माण दयाराम घिमिरे र हरि उप्रेतीले गरेका हुन् ।

# माल्विकासँग हरर फिल्म गर्दै प्रभास

**काठमाडौं/एजेन्सी–** बाहुबली सिरिज मार्फत चर्चामा आएका अभिनेता प्रभासले त्यसपछि एक्सन जनराकै फिल्म गरिरहेका छन् । पछिल्लो समय राधे 'श्याम' नामक लभ स्टोरीमा देखिएका प्रभासले सफलता पाउन सकेनन् । अर्थात् उनलाई दर्शकले रोमान्टिक अवतारमा स्वीकारेनन् । यसैले गर्दा हुन् सक्छ उनले नयाँ फिल्म 'हरर' जनराको रोजेका छन् । आदिपुरुष, सलार, प्रोजेक्ट के जस्ता एक्सन, थ्रिलर, साइन्स फिक्सन जनराका फिल्महरु गरिरहेका प्रभासले 'राजा डिलक्स' नामक हरर फिल्ममा काम गर्ने तयारी गरिरहेका छन् ।



फिल्ममा प्रभासको को-स्टार माल्विका मोहन हुनेछिन् । फिल्मको छायांकन सेटमै हुनेछ । यसलाई प्रभासले दुई सेड्युलमा पुरा गर्ने योजना बनाएका छन् । टाइम्स अफ इन्डियाका अनुसार प्रभासले फिल्मको कथा पढेपछि हरर जनरामा ट्राइ गर्ने मनसाय बनाएका हुन् । फिल्म मारुती दसारीको निर्देशनमा बन्ने छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**